Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १४, २०८० साल कातिक २१ गते मंगलबार(Nov 7, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।
सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६
Email : janaakash.com.np@gmail.com

# जाजरकोट भुकम्पमा परि मृत्यु हुनेको संख्या १५० दुई सयको हाराहारीमा घाइते




**मोहन कार्की ।**

काठमाडौ । यहि गएको १७ गते राति पश्चिम नेपाल जाजरकोट र रुकुममा गएको भुकम्पमा परी १५० जनाको ज्यान गएको छ । भने झण्डै २०० को हाराहारीमा घाइते भएकाछन् । उक्त कुरा जिप्रका जाजरकोटले दिएको जानकारीमा उल्लेख छ मृतकको संख्या अझै बढ्न सक्ने पनि भनिएको छ ।

यतिवेला उद्धारका कामहरु भईरहेका छन् । भुकम्प पिडितहरुको लगि आवश्यक खाद्यन्न, लत्ता कपडा लिएर जिल्ला प्रशासन कार्यलय मार्फत बिभिन्न संघ, संस्थाहरु त्यस क्षेत्रमा पुगि सकेकाछन्।

भुकम्प पिडितहरुको गुनासो

जाजरकोटमा गएको भुकम्पपछि आएको विपत्तिमा सहजै राहात उपलब्ध नभएको सुत्केरी, बाल बच्चालाई कठिनाय भएको, आकाश मुनि रात विताउन बाध्य भएको भनेर पिडितहरुले गुनसो गरेकाछन् ।

यत जिल्ला प्रशासन कार्यलय जाजरकोटले भने उक्त कुरा स्वीकार गरेको छ । राहातमा कुनै कमी नआएको तर विस्थापितको सख्या धेरै हुदा एकैपटक सवै ठाउमा पुऱ्याउन कठिन भईहरेको छ । एक दुई दिनमा सवै क्षेत्रमा खाद्यन्न, लत्ता कपडा, मानवीय सेवा सुविधा पुगिसक्ने उल्लेख गरेकाछन् ।

भुकम्प पिडितको लागि गैर आवसिय नेपालीहरुको २५ लाँख सहयोग

जाजरकोटमा गएको भुकम्प पिडितहरुको लागि गैर आवसिय नेपालीहरुको संस्था एन आर एनले २५ लाँख सहयोग गरेको छ । संस्थाका अध्यक्ष आरके शर्माले उक्त रकम विपत्त राहात कोषमा जम्मा हुनेगरी नेपाल सरकार मार्फत सहयोग गरेका हुन् ।

त्यसैगरी बिभिन्न संघ, सस्थाहरुले पनि भुकम्प पिडितहरुको लागि सहयोग हस्तान्तरण गरिरहेका छन् । नेपालमा २०७२ सालको महा भुकम्प पछि मानिसहरुको मृत्यु नै हुने गरी जाजरकोटमा गएको यस भुकम्पले मानिसहरुलाई हताहति बनाएको हो ।

## पठाओको लोगो परिवर्तन, यस्तो छ कारण




**काठमाडौँ–** राइड सेयरिङ/हेलिङ बिधामा स्थापित कम्पनी पठाओले आफ्ना सेवाका दायरा बढाउँदै जाँदा पुरानो लोगो परिवर्तन गरि नयाँ लोगो सार्वजनिक गरेको छ। उक्त परिवर्तन गर्न पठाओ कम्पनीले नेपालीहरुको मुख्य पर्व बिजय दशमीको अवसर पारेर सार्वजनिक गरेको हो ।

नयाँ लोगोमा नगवेली बाटो/सडक 'थिम'मा पठाओको पहिलो अङ्ग्रेजी अक्षर 'पि' लेखिएको छ। पहिलेको लोगोले राइड सेयरिङको अर्थ दिन्थ्यो भने नयाँ लोगोले समस्यादेखि समाधानको बाटोको अर्थ दिएको र यसले सबै सेवाहरुलाई सम्बोधन गर्ने पठाओ नेपालका प्रवन्ध निर्देशक असिम मान सिंह बस्न्यातले बताए ।

झोला बोकेर दुईपाङ्गे साधन चलाइरहेको जस्तो देखिने पठाओको लोगो परिवर्तन भइ नयाँ लोगो सार्वजनिक भएको हो ।

नेपालमा ५ बर्षमा ६ वटा (पठाओ बाइक, पठाओ कार लाइट (ट्याक्सी), पठाओ फुड, पठाओ बजार, पठाओ टुकटुक, पठाओ पार्सल) सेवाहरु प्रदान गरिरहेको पठाओ आगामी दिनमा सेवा थप्दै सुपर एप बन्ने योजनामा रहेको बस्न्यात बताउँछन् ।

केही समय अगाडि काठमाडौँ उपत्यकामा सुरु भएको 'पठाओ पार्सल'लाई देशब्यापी बनाउने र डिजिटल बालेट 'पठाओ पे' समेत सुरु गरिने यस अगाडि नै पठाओ नेपालले जानकारी गराइसकेको छ। लोगो परिवर्तनले सेवाग्राहीमा नयाँपनको आभास गराउने बस्न्यात बताउँछन् ।

पठाओको नयाँ लोगो बिश्वब्यापी रुपमा अक्टोबर २५ देखि लागू भैसकेको बताइएको छ ।

## चीनका पूर्वप्रधानमन्त्री ली खछ्याङको निधन



**काठमाडौँ–** चीनका पूर्वप्रधानमन्त्री ली खछ्याङको निधन भएको छ । चिनियाँ मिडियाहरुले उनको हृदयाघातका कारण निधन भएको जनाएका छन् ।

चिनियाँ सरकारी टेलिभिजन सीसीटीभीले विहीबार मध्यरातमा उनलाई हृदयघात भएको जनाएको छ ।

चिनियाँ समाचार एजेन्सी सिन्ह्वाले लीलाई अक्टुबर २६ को दिन अचानक हृदयाघात भएको र अक्टुबर २७ को दिन स्थानीय समयअनुसार राति १२ बजेर १० मिनेटमा निधन भएको जनाएको छ ।

६८ वर्षीय नेता ली गत मार्च महिनामा मात्र प्रधानमन्त्रीको दोस्रो कार्यकाल पूरा गरेर बिदा भएका थिए ।

राष्ट्रपति सी जिनफिङपछि सत्तारूढ कम्युनिस्ट पार्टी अफ चाइनाका दोस्रो वरियतामा रहेका ली पछिल्लो समय सांघाइमा बस्दै आएका थिए ।

ली खछ्याङ सन् २०१३ मा चीनको प्रधानमन्त्री बनेका थिए । उनी चिनियाँ क्याबिनेटको स्टेट काउन्सिल प्रमुख थिए ।

## काठमाडौँ उपत्यका नजिकको 'हिल स्टेशन' चन्द्रागिरीमा प्याराग्लाइडिङ सुरु, कति लाग्छ शुल्क ?

काठमाडौँ- काठमाडौँ उपत्यका नजिकको चर्चित ' हिल स्टेशन' चन्द्रागिरीमा प्याराग्लाइडिङको ब्यवसायिक उडान सुरू भएको छ। हाइ अल्टिच्युड प्याराग्लाइडिङको नेपालकै पहिलो प्रशिक्षक पाइलट सानोबाबु सुनुवारको कम्पनी 'बाबु एड्भेन्चर्स'ले प्याराग्लाइडिङ सञ्चालनमा ल्याएको हो ।

सगरमाथाको आरोहण गरी शिखरबाटै प्याराग्लाइडिङ उडान गरेर समुन्द्रसम्म पुगेका सुनुवार नेसनल जियोग्राफ्रीबाट 'एडभेञ्चर्स अफ इयर-२०१२' अवार्ड विजेता समेत हुन् ।

भालेश्वर मन्दिरबाट २० मिनेट पश्चिमतर्फको चन्द्रागिरी डाँडाबाट प्याराग्लाइडिङ उडान सुरू हुने सुनुवार बताउँछन् । चन्द्रागिरी (२३ सय मिटर)बाट सुरू भएको उडान त्यहाँबाट आकासमा सय मिटरसम्म उचाइ लिन्छ । अद्भुत दृश्यहरूको अवलोकन गर्दै समुन्द्र सतहबाट १७ सय मिटर उचाइ रहेको चित्लाङमा प्याराग्लाइडिङको अवतरण गरिन्छ ।



प्याराग्लाइडिङ उडानका क्रममा भालेश्वर मन्दिरको 'एरियल भ्यु'का साथै काठमाडौं उपत्यकाको अधिकांश भुभागको अवलोकन गर्न सकिनेछ । रसुवा र धादिङका भुभाग समेत देख्न पाइने उडानबाट मकवानपुरको टिस्टुङ, पालुङ लगायत मानव निर्मित इन्द्रसरोवर तालको समेत आकर्षक दृश्यावलोकन गर्न सकिन्छ । मौसम खुलेको बेला उत्तरतर्फ देखिने फराकिलो हिमश्रृङ्खलाने जो कोहिलाई मोहित बनाउँछ ।

» बाकी ६ पृष्ठमा



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १४, २०८० साल कातिक २१ गते मंगलबार (Nov 7, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### भुकम्प आउनुभन्दा अगाडीका तयारी सम्बन्धि तालिम सबैलाई दिऊ

नेपालमा पटक पटक भुकम्प गइरहने गरेको छ । पछिल्ला १० बर्ष भित्रमा ठुला भुकम्पले हजारौ मानिसहरुको ज्यान लिईसकेको छ ।

२०७२ सालमा झण्डै तीन हजारको हाराहारमा मानिसहरुले ज्यान गुमाउनु परेको थियो । जसमा सवैभन्दा धेरै गोर्खा, सिन्धुपाल्चोक, काठमाडौ, धादिङ, नुवाकोट, रसुवा, रामेछाप, दोलखा, काभ्रे, लगायतका जिल्लामा असर पुऱ्याएको थियो । त्यसैगरी २०८० कार्तिक १७ गते आएको भुकम्पले जाजरकोट, रुकुम पश्चिम र रुकुम गरी तिनवटा जिल्लामा गएको भुकम्पमा परी झण्डै २०० जनाको ज्यान गएको छ ।

त्यसैगरी सोही हाराहारीमा घाईते भएका छन् । लाखौको संख्यामा मानिसहरु घरवार बिहिन भएका छन् । यो निक्कै मानवीय संकट हो । यो मानवीय संकट प्राकृतिक भुकम्पका कारण भएको हो । त्यो पनि मानिसले आफैले बनाएका कोही बाउ बाजेले बनाएका पालाका पुराना घरहरु भएका कारण पनि घरहरु लडेका हुन् । अर्को नयाँ नै घर बनाएको भएपनि भुकम्प प्रतिरोधि घर नबनाएको हुदा र भुकम्प प्रतिरोधि बनउनुपर्छ भन्ने ज्ञान भएको तर आर्थिक रुपमा सम्पन्न नहुनेहरुले ज्ञान भएपनि अभावका कारण पुरानै तरिकाले घर बनाएर बसोबास गर्दा प्राकृतिक विपत्ति ब्यहोर्नु परेको अवस्था देखिन्छ ।

त्यसकारण यी घटनाहरुवाट नेपालले पाठ सिकेर आउदा दिनमा यस्ता विपत्तिहरु आउन नदिन भुकम्प सम्बन्धि ज्ञान शिक्षा दिनु अत्यन्तै अपरिहार्य भएको छ ।

आउदा दिनमा यो काम थालि हाल्नु पनेर भत्केका घरहरु पुन: निर्माणको लागि पनि उत्तिक्कै भरपर्दा घरहरु निर्माण गरेर यस्ता प्राकृतिक विपत्तिहरुमा नभत्किने गरी बनाउनु पर्छ । त्यसको अनुगमन, व्यवस्थापन, सरकारी निकायले गर्नुपर्छ । र नागरिकहरुलाई पनि सुसुचित गर्नुपर्छ । यसरी दुर्घटना भएर पछुताउनु भन्दा दुर्घटना हुन नदिनु चै महत्वपूर्ण हुन्छ । आर्थिक रुपमा विपन्नहरुलाई सरकारले अर्थिक रुपमा सहुलियत दिएर भएपनि भुकम्प प्रतिरोधि घर बनाउन सहयोग गर्नुपर्छ ।

यस्ता महत्वपूर्ण काम मानिसले ने गने हो । त्यसकारण सामान्य नागरिकहरुले पनि आफु बस्ने घर आफैले राम्रोसँग अध्ययन गरेर बलियो, भरपर्दो, दिगो टिकाउ हुनेगरी र यस्ता भुकम्प जस्ता प्राकृतिक समस्या आउदा सुरक्षित हुन सक्ने सरचना बनाएर सुरक्षित समाजको निर्माण राष्ट्रिय अभियान हुनुपर्छ । यतिको अवस्थामा पुऱ्याउन सवैभन्दा शिक्षा नै हो । भुकम्प सम्बन्धि तालिम दिएर मानिसलाई ज्ञान दिनुपर्छ । यो नै सवैभन्दा महत्वपूर्ण बिषय हो ।

# नेता ली खछ्याङः समृद्ध चीनको रोलमोडल



चिरञ्जीवी मास्के

सन् २०२३ अक्टोबर २६ तारिखको बिहान एउटा समाचार पढेर मन चिसो र अमिलो बन्यो । जनवादी गणतन्त्र चीनका पुर्वप्रधानमन्त्री ली खछ्याङको निधनको खबर थियो त्यो । ली खछ्याङसँग मेरो भेटघाट वा चिनजान हैन, हुने कुरा पनि भएन । फेरि पनि उनको निधनको खबरले मुटु नै चिमोटिएजस्तो महसुस भयो ।

त्यसो त स्वर्गीय नेता ली खछ्याङ चीनको मात्र हैन् विश्वकै थोरै महान् नेताहरुमध्येमै पर्ने व्यक्तित्व हो । चीनको समृद्धिमा राष्ट्रपति सी जिनफिङलाई साथ दिने एकजना विश्वासिलो सारथी । चीनलाई विश्वको शक्तिशाली राष्ट्र बनाउन सशक्त भूमिका खेल्ने पछिल्लो पुस्ताको एकजना सिद्धहस्त व्यक्तित्व ।

स्वाभाविक छ, ली खछ्याङको निधनमा मुटु चिमोटिएजस्तो महसुस हुनु । सम्मानित नेता ली खछ्याङसँग मेरो कुनै राजनीतिक वा पारिवारिक नाता थिएन । हामी कुनै पनि मानेमा निकट थिएनौं तर हामी सबैभन्दा निकट थियौं, किनभने हामीबीच समृद्धिको नि:स्वार्थ नाता थियो । चीनको समृद्धि ली खछ्याङको सपना, दोलखा र सिंगो नेपालको समृद्धि मेरो सपना ! अब कसरी नहोस् हामीबीच निकटता र घनिष्टता ।

समृद्धि, मुलुक निर्माणको प्रमुख सूत्र, मुख्य सिद्धान्त र मुलुकको समृद्धिको लागि सकारात्मक र सक्रिय राजनीतिक नेतृत्व तथा क्रियाशील राजनेताको आवश्यकता । धेरै मुलुकका उदाहरण छन्, जहाँ नेताको सक्रिय र सकारात्मक भूमिकाले छोटो समयमा मुलुक समृद्ध बनेको छ । चीन त्यस्तै मुलुकमा पर्छ, जहाँ सन यात्सेन, माओत्सेतुङ, देङ सियाओ पेङ, सी जिनफिङ, जियाङ जेमिन र ली खछ्याङजस्ता सक्रिय र सकारात्मक नेता जन्मन सके ।

ली खछ्याङको अप्रत्यासित निधनले सिंगो चीन शोकमग्न छ। मेरो मन, मेरो मुटु चिमोटिएको छ, हामी सबैको मन, मुटु चिमोटिएको छ र सिंगो नेपालीको मन, मुटु चिमोटिएको छ । स्वाभाविक छ, उनको निधनले सिंगो चिनिया नागरिकको मन, मुटु चिमोटिएको छ । ली खछ्याङको जन्म सन् १९५५ मा भएको थियो । उनले चीन निर्माणको लागि १० वर्ष प्रधानमन्त्रीको भूमिकामा सक्रिय, सशक्त र सकारात्मकरुपमा काम गरेका थिए । सन् २०१३ मा जनवादी गणतन्त्र चीनको प्रधानमन्त्री बनेका स्वर्गीय नेता ली खछ्याङले २०२३ मार्चसम्म (चीनको बाह्रौं र तेह्रौं प्रधानमन्त्री) उक्त पदमा रहेर समृद्ध चीन निर्माणमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

चीनको समृद्धिको लागि मात्र हैन, ली खछ्याङले आफू प्रधानमन्त्री भएको बेला नेपालको समृद्धिमा दीर्घकालीन महत्व राख्ने केही योजनाहरु स्वीकृत गरिएको थियो । एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला २०७३ सालमा चीनसँग नेपालले पारवहन सन्धि, रेलमार्ग विस्तारजस्ता महत्वपूर्ण परियोजानमा सम्झौता गरिएको थियो । जसमा जनवादी गणतन्त्र चीनका तत्कालीन प्रधानमन्त्री सम्मानित नेता ली खछ्याङको महत्वपूर्ण भूमिका रहेको थियो ।

त्यसो त एमाले अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले रेल, पानीजहाज, चीनसँगको पारवहन सन्धिजस्ता विषय उठाउँदा कतिपय जिम्मेवार नेता र बुद्धिजीवी भनिनेहरुले समेत त्यसको आलोचना गरेका थिए । तर यी विषय नेपालको समृद्धिसँग जोडिएको अत्यन्त आवश्यक र सम्भावना भएका विषय थिए । र, यो अभियान कुनै न कुनै दिन सम्भव हुने अभियान नै हो । केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला मुलुकको समृद्धिको विषयमा केही सपना देखेका थिए र उनको सपनामा चीनका राष्ट्रपति सी जिनफिङसँगै तत्कालीन प्रधानमन्त्री स्व. ली खछ्याङको सद्भाव, सहयोग र साथ रह्यो । त्यसैले उनका केही सपना पूरा भए, केही सपनामा सहमति भयो । त्यो सहमतिको विषय अहिले कहाँ पुगेको छ, खोजी गर्नु जरुरी छ ।

ली खछ्याङकै विषयमा चर्चा गरौं, स्व. ली खछ्याङ चिनियाँ कम्युनिस्ट पार्टीको १७, १८ र १९ औं केन्द्रीय समितिको राजनीतिक ब्युरोको स्थायी समितिको सदस्य तथा राज्य परिषद्का पूर्वप्रधानमन्त्री थिए । १० वर्ष चीनको राज्य परिषद्को प्रधानमन्त्री हुँदा उनले समृद्धिको लागि जुन प्रकारको आर्थिक नीति अघि सारे, त्यसैको परिणाम हो अहिलेको चीन । राष्ट्रपति सी जिनफिङको सोच, दृष्टिकोण र जनताप्रतिको समर्पणमा ली खछ्याङको आर्थिक नीति एउटा दरिलो खम्बा थियो । उनले ल्याएको आर्थिक नीतिलाई चीनमा लिकोनोमिक्स नै भनिन्थ्यो । उनी बजारको अध्ययन गर्थे र सोही अनुसारको नीति ल्याउने गर्थे । लगानीकर्ताहरुलाई केन्द्रमा राखेर आर्थिक नीति बनाउने ली खछ्याङले प्रविधिलाई उच्च प्राथामिकता दिएका थिए ।

कोरोना भाइरस कोभिड-१९ को शुरुवात चीनको उहानबाट भएको थियो । कोरोना महामारीले चीनलाई निकै थकायो । दुई वर्ष कोरोना महामारीको सामना गर्नुपर्दा चीन आर्थिकरुपमा झन्डै-झन्डै तहसनहसको अवस्थामा पुगेको थियो । यस्तो विषम परिस्थितिमा उनै सरल तर महान् नेता ली खछ्याङको परिपक्व आर्थिक नीतिकै कारण चीनले समृद्धिको उचाइबाट तल झर्नुपर्ने अवस्था आएन ।

कोरोना महामारीपछि म चीनको उहान पुगेको थिएँ, जहाँबाट यो महामारीको शुरुवात भएको थियो । तर उहानको समृद्धि हेर्दा यस्तो लाग्थ्यो कि त्यहाँ कहिल्यै कुनै समस्या नै भएको थिएन । ली खछ्याङको प्रविधि मैत्री आर्थिक नीतिले उहानलाई यति छिटो रिकभर गरेको थियो कि कोरोना महामारीको भयङ्कर पीडा भोगेको त्यो शहरमा कहीं-कतै पनि कोभिड-१९ को बाछिटा बाँकी नै थिएन ।

चलायमान बजार, सवारीसाधनको चाप, पार्क र रेस्टुरेन्टहरु आन्तरिक पर्यटकबाटै भरिभराउ, हँसिला र ऊर्जावान् नौजवानहरुको चहलपहल, स्वच्छ, सफा र हरियाली वातावरण, उहान साँच्चै समृद्धिको टावर बनेर चम्किरहेको थियो सिंगो चीनभरि, जसरी रात्रिकालीन समय उहानको चु नदी गोलघरको लाइटले चम्किरहेको हुन्थ्यो । अहिले हामी चीनको जुनसुकै प्रान्त वा स्टेटमा पुगौं, ती हरेक प्रान्त र स्टेटका हरेक ठाउँ विश्वमै विकासको अनुपम उदाहरण बनेका छन् । धेरैलाई चीन कम्युनिस्ट शासन भएको मुलुक आर्थिक नीति, मानवअधिकार, राजनीतिक अधिकार सबै कुण्ठित छन् होला भन्ने लाग्ने गरेको छ । तर वास्तविकतामा त्यो भन्दा भिन्न छ चीन । चीनमा हरेक नागरिक स्वतन्त्र छन्, आफ्नो अधिकारको विषयमा ।

उनीहरु अनुशासित छन्, आफ्नो काम, आफ्नो जिम्मेवारी पहिलो कतर्व्य ठान्छन् र आफ्नो जिम्मेवारी पूरा गरेपछि घुमफिर, रमाइलो र खानपिनमा समय खर्चन्छन् । मुलुकको समृद्धिको लागि अनुशासन, मेहनत, जिम्मेवारी र सम्मान तथा सद्भावको संस्कृति आवश्यक हुन्छ भन्ने कुरा चीनको चमत्कारी विकासले पनि देखाएको छ । चीनका हरेक नागरिक अनुशासित छन्, मेहनती छन्, सम्मान र सद्भावको संस्कृतिबाट प्रशिक्षित छन् ।

चीनमा प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पदा, प्रविधिको चमत्कारी विकासको नमुना प्रशस्तै छन् र ती ठाउँमा सयौं, लाखौं आन्तरिक पर्यटक पुगेका छन् । चिनियाँहरुलाई आर्थिक, सामाजिक, राजनीतिक विकासको लागि परनिर्भर बन्नुपर्ने आवश्यकता नै छैन । र, यो नमुनायोग्य विकासको मोडल तयार गरी कार्यान्वयन गर्ने कुरामा राष्ट्रपति सी जिनफिङलाई पूर्वप्रधानमन्त्री स्व. ली खछ्याङले साथ दिएका हुन् । वास्तवमा ली खछ्याङ समृद्ध चीनको रोलमोडल नै थिए ।

पूर्वप्रधानमन्त्री स्व. ली खछ्याङले सात वर्ष (सन् १९९८ देखि २००४ सम्म) हेनान प्रान्तमा काम गरेका थिए । हेनानको विकास र त्यहाँको जनताको जीविकोपार्जनमा ली खछ्याङले खेलेको भूमिका स्मरणीय थियो । जति बेला ली खछ्याङको मृत्युको खबर फैलियो, हेनानका जनता भर्खर क्षितिज पारिबाट उकालिँदै गरेको सूर्योदयलाई नियालेर आफ्नो दैनिकीमा लम्किरहेका थिए । उनीहरुको पाइला अनायासै गरुङ्गो भयो अनि हठात रोकिए ती पाइलाहरु । र, उनीहरुले धेरै दिनसम्म पीडाबोधका साथ कामबाट विश्राम लिए ।

हेनानमा सात वर्ष काम गर्दा ली खछ्याङले त्यहाँको प्रान्तीय पार्टी कमिटीको गभर्नर र सचिवको जिम्मेवारी पूरा गरेका थिए । उनलाई हेनानवासीले कमरेड केकियाङ भनेर चिन्दथे । उनको खुला आर्थिक नीतिका कारण हेनानले छोटो समयमा विकासका चमत्कारी उदाहरण प्रस्तुत गर्न सक्यो । र, त्यही अनुभवले ली खछ्याङलाई १० बर्से प्रधानमन्त्री कालमा परिपक्व नजिर बनेर साथ दिइरह्यो ।

हेनान एकेडमी अफ सोसल साइन्सका पूर्वअध्यक्ष यु सिनानले मार्च २०२३ मा एउटा लेख लेखेका छन्– 'कमरेड केकियाङ केन्द्रीय मैदानको उदयका संस्थापकहरुमध्ये एक हुन्' भन्ने शीर्षकमा । यु सिनानको उक्त लेखमा केकियाङ अर्थात् ली खछ्याङको विवेक, विशेषता र बुद्धिमताको मुक्तकण्ठले प्रशंसा गरिएको छ । किनभने स्व. ली खछ्याङले काम नै त्यस्तो गरेका थिए कि कोही पनि उनको प्रशंसा नगरी रहनै सक्दैनथे । म गम खाँदै छु, यु सिनानले जस्तै मैले पनि मेरो देशको नेताको बारेमा प्रशंसाका शब्दहरु खर्चंदै समृद्धिको उदाहरण कहिले लेख्न सक्छु होला !

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# तीन दिनभित्रै सबै ठाउँमा राहत पुग्छ : जनार्दन शर्मा



**रुकुम-** प्रतिनिधिसभा सदस्य जनार्दन शर्माले रुकुमपश्चिमको भूकम्प प्रभावित ठाउँमा तीनदिनभित्रै राहत सामग्री पठाइसक्ने बताएका छन्। आज जिल्ला व्यवस्थापन समितिको बैठकमा उनले राहत वितरणको काम तीव्र पारिने बताए।

"हामीले योजना बनाएर नै राहत वितरणको काम सुरु गरेका छौं। कुन ठाउँमा कति क्षति भएको छ। कस्तो खालको राहतका सामग्री आवश्यक पर्ने हो। कुन क्षेत्रलाई हामीले बढी प्राथमिकतामा राखेर राहत वितरणको काम गर्ने भन्ने योजना बनाएर नै राहत वितरण हुन्छ", शर्माले भने।

राहत वितरणपछि पुनःनिर्माण नभएसम्मका लागि अस्थायी बासको व्यवस्थाका लागि काम गर्ने र पुनःनिर्माणमा लाग्ने उनको भनाइ थियो। भूकम्पका कारण अवरुद्ध भएको विद्युत् तथा सडक मर्मत र फोन सेवालाई मुख्य प्राथमिकतामा राखेर काम गर्ने योजना रहेको शर्माले बताए।

जिल्ला व्यवस्थापन समितिमा आएको राहत स्थानीय तहलाई दिने र स्थानीय तहले बाँड्ने व्यवस्था गर्ने उनले बताए।

# काठमाडौँ महानगरको 'साथी महानगर' स्वर्णिम योजना कार्यान्वयनमा




**काठमाडौँ-** काठमाडौँ महानगरको साथी महानथर स्वर्णिम योजना कार्यान्वयनमा आएको छ। 'भेटौंला, महानगरवासीको दुःख मेटौंला' महानगरबासीसँगको आत्मीय र भावनात्मक सम्बन्धका लागि काठमाडौँ महानगरपालिकाको 'साथी महानगर' स्वर्णिम योजना कार्यान्वयनमा आएको हो।

सहरी गरिब र विपन्न वर्गको दैनिकीमा आइपर्ने गर्जोमा साथ दिने यस कार्यक्रमको उद्देश्य रहेको महानगरले जनाएको छ। सुत्केरी महिलालाई पोसिलो खानेकुराको अभाव नहोस्, किरिया खर्चको अभावमा संस्कार छोड्नु नपरोस्, जोखिममा रहेका बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्तिले एक्लो महसुस गर्न नपरोस् भन्ने उद्देश्य कार्यक्रमको रहेको महानगरले जनाएको छ।

त्यसका लागि आफू बसिरहेको वडा कार्यालय वा काठमाडौँ महानगरपालिकाको सामाजिक विकास विभाग अन्तर्गत साथी महानगर परियोजना कार्यान्वयन इकाइमा सम्पर्क गर्न सकिनेछ।

महानगरभित्र बस्ने विपन्न परिवारमा कसैको मृत्यु भएको खण्डमा महानगरले २० हजार रूपैयाँ किरिया खर्च उपलब्ध गराउनेछ। विपन्न अन्तर्गत घर जग्गा आफ्नो स्वामित्वमा नरहेको, परिवारमा कुनै सदस्यको नियमित रोजगारी नभएको, विगत १ वर्ष भित्र कुनै पनि वैदेशिक रेमिटेन्स प्राप्त नगरेको, शारीरिक तथा मानसिक रूपमा अस्वस्थ रहेको, शारीरिक अपाङ्गता रहेको, कुपोषित गर्भवती तथा कुपोषित बच्चा रहेको, परिवारमा अन्य १५-६० वर्षका व्यक्ति नरहेको भनी वडा कार्यालयमा सिफारिस लिनुपर्ने महानगरले जनाएको छ।

त्यस्तै घर जग्गा आफ्नो स्वामित्वमा नरहेको, परिवारमा कुनै सदस्यको नियमित रोजगारी नभएको, विगत १ वर्ष भित्र कनै पनि वैदेशिक रेमिटेन्स प्राप्त नगरेको, शारीरिक तथा मानसिक अस्वस्थ रहेकोलाई परिवारको हकमा महानगरपालिकाले १५ हजार सम्म किरिया खर्च उपलब्ध गराउने छ।

सुत्केरी सहयोग

शारीरिक तथा मानसिक रूपमा अस्वस्थ रहेको, शारीरिक अपाङ्गता रहेको, कुपोषित गर्भवती तथा कुपोषित बच्चा रहेको, परिवारमा अन्य १५-६० वर्षका व्यक्ति नरहेको सुत्केरीलाई काठमाडौँ महानगरले साथी महानगर (स्वर्णिम योजना) अन्तर्गत १० हजार सहयोग गर्नेछ।

यस्तै ४२ दिन भित्रको सुत्केरी, परिवारमा अन्य १५६० वर्षका व्यक्ति नरहेको, परिवारमा कुनै सदस्यको नियमित रोजगारी नभएको सुत्केरीलाई भने महानगरले ७ हजार ५ सय सुत्केरी खर्च उपलब्ध गराइने छ।

# काठमाडौँ उपत्यकामा डेढ अर्बका खसीबोका र च्यांग्रा बिक्री




*विगतमा खसीबोकाको मूल्य बढाएका व्यवसायी यसपालि घटाएर बेच्ने होडमा, भन्छन्, 'आर्थिक संकटले बिक्री बढेन, च्यांग्रा तिहारसम्मै रहने भयो'*

काठमाडौँ– दसैंको एक सातामा झन्डै डेढ अर्बको खसीबोका र च्यांग्रा बिक्री हुँदा पनि व्यवसायी निराश नै छन्। आपूर्तिको अवस्था सहज हुँदाहुँदै सोचेअनुसार बिक्री नहुँदा खसीबोका र च्यांग्रा मौज्दात तिहारसम्मै रहने उनीहरूको भनाइ छ। गत वर्ष हिले दसैं अर्थात् वर्षातका कारण व्यवसायीले गाउँगाउँबाट खसीबोका ल्याउन सकेका थिएनन।

यसपालि भने सडक/बाटो सहज हुँदा पर्याप्त भित्रियो। मूल्य पनि गत वर्षकै हाराहारीमा निर्धारण भयो। तर व्यापार सोचेअनुसार नभएको काठमाडौँ चौपाया खरिद प्रालिका अध्यक्ष जनक खड्काले जनाए। 'फूलपातीसम्म भारतबाट खसीबोका आएनन्, स्वदेशी नै पर्याप्त रहे। भाउ पनि बढी होइन, पोहोरकै मूल्य लगाएका थियौं,' अध्यक्ष खड्काले भने, 'तर व्यापार सुस्त रह्यो।'

बिक्री नभएपछि व्यवसायीले खसीबोकाको बिक्री मूल्यसमेत संशोधन गरिरहेका छन्। विगतका वर्षमा सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले बिक्री गर्ने सहुलियत खसीबोका स्टक सकिएलगत्तै निजी व्यवसायीले मूल्य बढाउने गरेका थिए। यसपालि भने मूल्य घटाउने होड चलेको छ। सोचेअनुसार बिक्री नभएपछि कलंकीमा व्यवसायीले मूल्य घटाएर बिक्री गरेको अध्यक्ष खड्काको भनाइ छ।

'कलंकी बजारमा करिब ३५ हजारको संख्यामा खसीबोका र च्यांग्रा बिक्री भए। उपत्यकाका अन्य बजारमा समेत गरी करिब ६० हजार बिक्री भएको अनुमान छ,' उनले भने। एउटा खसी र च्यांग्रा औसतमा ३५ देखि ४० किलो हुन्छ। खसीबोकाको औसत मूल्य २० देखि २२ हजार रुपैयाँ पर्छ। च्यांग्रा ३५ देखि ४५ हजार रुपैयाँ पर्छ। औसत २५ हजारका दरले डेढ अर्ब हाराहारीको बिक्री भएको देखिन्छ। तर पनि व्यापारी सन्तुष्ट छैनन।

गत बुधबार भक्तपुरको सल्लाघारीमा दसैंका लागि ल्याइएका च्यांग्रा, खसीबोकाको मूल्य व्यवसायीले घटाए। दसैंका लागि मात्रै बजार लाग्ने भक्तपुरको सल्लाघारीस्थित नेपाल ट्रस्टको ९९ रोपनीमा सर्वसाधारणको भीड लागे पनि अपेक्षित व्यापार भएन। बिक्री कम भएपछि मूल्य घटाएर बिक्री गरेको जनाइएको छ। सबै व्यापारीको सल्लाहअनुसार मुस्ताङबाट ल्याइएको च्यांग्राको मूल्य किलोको २ सय ५० घटाएर प्रतिकिलो १ हजार १ सय रुपैयाँ निर्धारण गरिएको थियो। खसी प्रतिकिलो ६०० रुपैयाँमा बिक्री भएको बताइएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पनि ३ पटक मूल्य संशोधन गरेको छ।

खाद्यले असोज ३० देखि खसीबोका र च्यांग्रा बिक्री सुरु गरेको थियो। खसी प्रतिकिलो ६ सय ८० र च्यांग्राको १ हजार २ सय ६० रुपैयाँ तोकेको थियो। उक्त मूल्यमा १० रुपैयाँ छुट दिएर खसी प्रतिकिलो ६ सय ७० र च्यांग्रा १ हजार २ सय ५० मा बिक्री गरेको थियो। सन्तोषजनक रूपमा बिक्री नभएपछि खाद्यले कात्तिक ३ देखि लागू हुने गरी मूल्य संशोधन गरी खसीबोका प्रतिकिलो ६ सय ६० रुपैयाँ तोक्यो।

उपभोक्तालाई सहुलियतमा १० रुपैयाँ छुट गरी बिक्री मूल्य प्रतिकिलो ६ सय ५० रुपैयाँ तोकियो। च्यांग्राको मूल्य सुरुमा प्रतिकिलो १ हजार २ सय ३५ रुपैयाँ निर्धारण गरिएको थियो। उक्त मूल्यमा १० रुपैयाँ छुट गरेर बिक्री मूल्य प्रतिकिलो १ हजार २ सय २५ रुपैयाँ कायम भएको थियो। कात्तिक १० देखि नै लागू हुने गरी मूल्य फेरि संशोधन भएको छ। खसीबोकाको मूल्य घटेर प्रतिकिलो ५ सय ९० रुपैयाँ र च्यांग्रा प्रतिकिलो १ हजार १ सय ५० रुपैयाँ कायम भएको कम्पनीका प्रादेशिक कार्यालय प्रमुख ज्ञानु थापाले जनाइन।

'कलंकी खसी बजारसहित दुई/तीन ठाउँ हेर्‍यौं। मूल्य प्रतिकिलो ६ सय ५० देखि ६ सय ८० रुपैयाँसम्ममा बिक्री भइराखेको छ। त्योभन्दा सस्तो गर्न खोजेका छौं,' उनले भनिन्, '२ हजार २ सय १२ मध्ये करिब १ हजार ९ सय बिक्री भइसकेका छन्। साढे २ सय च्यांग्रा बिक्री हुन बाँकी छ, केही मात्रामा खसीबोका पनि छन्। मौज्दात रहेसम्म बिक्री गर्छौं।'

खाद्यले कम्पनीको प्रादेशिक कार्यालय थापाथलीबाट बिक्री गरिरहेको छ। एउटा च्यांग्रा खरिद गर्दा ३५ देखि ४० हजार रुपैयाँ लाग्ने थापाले बताइन्। त्यही भएर पनि कम बिक्री भएको उनको भनाइ छ। 'आर्थिक संकटको असर पनि देखिएको छ, जसले गर्दा सोचेअनुसार बिक्री नभएको हो,' उनले » बाकी ६ पृष्ठमा

# रामेछाप डायरी

## नाक,कान,घाँटी,नशा तथा मानसिक रोगका ५ सय बढीले लिए सेवा



जिल्ला अस्पताल रामेछापमा आइतबार (आज) भएको नाक,कान,घाँटी,नशा तथा मानसिक रोग शिविरमा ५ सय बढीले सेवा लिएका छन।

मानसिक अस्पताल पाटन लगनखेल ललितपुरमा कार्यरत मानसिक तथा नशा रोग बिशेषज्ञ डा. नबिन देबकोटा र नाक,कान,घाँटी रोग सम्बन्धित वीर अस्पताल काठमाण्डौंमा कार्यरत विशेषज्ञ डाक्टर सुधिन कायस्थले शिविरमा सेवा दिनुभएको हो।

"अस्पातलमा मानसिक स्वास्थ्य सन्चालन तथा सुद्रिढिकरण" कार्यक्रम अन्तर्गत शिविर संचालन गरिएको अस्पताल विकास समितिका अध्यक्ष यम पाख्रिनले जानकारी दिनुभयो। शिविरमा नाक,कान,घाँटी,नशा तथा मानसिक रोगका विरामीहरुले सेवा लिएको उहाँले बताउनुभयो।

जिल्ला अस्पतालमा प्रत्येक महिनाको एक दिन बिशेषज्ञ डाक्टरसँग समन्वय गरेर मानसिक तथा नशा रोग बिशेषज्ञद्वारा मानसिक रोगीहरुको जांच तथा उपचार र परामर्श सहितको सेवा संचालन भैरहेको अस्पताल विकास समितिका अध्यक्ष पाख्रिनले बताउनुभयो।

## अपाङ्ग परिचय पत्र अद्यावधिक गर्दै रामेछाप नगरपालिका



रामेछापको रामेछाप नगरपालिकाले अपाङ्गता भएकाहरुको परिचय पत्र शिविर मार्फत अद्यावधिक गरिरहेको छ। अपाङ्ग नभएका केही व्यक्तिहरुले भत्ता खाइरहेको पाइएपछि नगरपालिकाले पहिले जारी भएको सबै परिचय पत्र रद्ध गरेर नयाँ परिचय पत्र जारी गर्न थालेको हो।

अहिले नगरभरीका सबै अपाङ्ग भएका व्यक्तिहरुलाई जिल्ला अस्पताल रामेछापमा ल्याएर परीक्षण गर्ने काम भैरहेको रामेछाप नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले बताउनुभयो।

९ वटै वडाहरुमा रहेका सबै अपाङ्गता भएकाहरुलाई चिकित्सक सहितको टोलिले परीक्षण गरेर कुन वर्गको परिचय पत्र प्राप्त गर्ने हो सोही अनुसार वितरण गरिने उहाँले बताउनुभयो। यसभन्दा अघि केही सपाङ्ग व्यक्तिहरुले गाउँ गाउँमा शिविर संचालन भएको बेला नाटक गरेर अपाङ्ग बनेर भत्ता खाइरहेको पाइएको उहाँले बताउनुभयो।

वास्तविक अपाङ्गता भएका व्यक्तिले मात्रै भत्ता प्राप्त गरुन भनेर अस्पतालमै ल्याएर परीक्षण तथा पहिचान गर्ने काम गरेको महिला तथा बालबालिका शाखा प्रमुख विमला कुमारी शर्माको भनाई छ।

सबै वडा कार्यालयहरुले आ-आफनो वडाबाट गाडीको व्यवस्था गरेर अपाङ्गता भएकाहरुलाई परीक्षणको लागी अस्पताल ल्याउने र लैजाने काम गरेको रामेछाप नगरपालिका वडा नं ३ का वडाअध्यक्ष दल बहादुर प्रधानले बताउनुभयो। यहि कार्तिक १३ गतेदेखी सुरु भएको परिचय पत्र अद्यावधिक शिविर कार्तिक १९ गतेसम्म संचालन हुने रामेछाप नगरपालिकाले जानकारी दिएको छ।

## रामेछापको मन्थली नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मी सुमित्रा बर्खास्तमा

रामेछापको मन्थली नगरपालिकाले वडा नम्बर ७ को भटौली स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीलाई बर्खास्त गर्ने निर्णय गरेको छ। स्वास्थ्य संस्थामा कार्यरत सिनियर अहेब सुमित्रा श्रेष्ठ गत असार ८ गतेदेखि कार्यालयमा अनुपस्थित भएपछि उनलाई बर्खास्त गरिएको मन्थली नगरपालिकाले जानकारी दिएको छ।

अहेब श्रेष्ठलाई मन्थली नगरपालिकाले वडा नम्बर ७ को भटौली स्वास्थ्य केन्द्रमा खटाएको थियो। उनि गत असार ८ गतेदेखि स्वास्थ्य चौकीमा हाजिर नभएको नगरपालिकाले जनाएको छ।

अहेब श्रेष्ठलाई नब्बे दिनभन्दा बढी अनुपस्थित भएपछि भदौ १३ गते स्पष्टिकरण माग गर्दै नगरपालिकाले पत्र काटेको थियो। कार्यालयले उनलाई सोबारे पत्र काटेर पठाएपनि कुनै जवाफ नआएपछि अहेब श्रेष्ठलाई जागिरबाट बर्खास्त गरिएको मन्थली नगरपालिकाले एक सूचना प्रकाशित गरी जानकारी गराएको छ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष -१६, अंक- १४, २०८० साल कातिक २१ गते मंगलबार (Nov 7, 2023)

## नेशनल लाइफद्वारा बझाङको बाल विकास विद्यालयको पुस्तकालय पुनर्निर्माणमा आर्थिक सहयोग




**काठमाडौं–** नेशनल लाइफ इन्स्योरेन्सले गत असोज १६ गते गएको भूकम्पबाट क्षतिग्रस्त बझाङको जयपृथ्वी नगरपालिकामा रहेको बाल विकास माध्यामिक विद्यालयको पुस्तकालय पुनर्निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको छ।

विद्यालयको प्रांगणमा सम्पन्न एक कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले विद्यालयका प्रधानाध्यापकलाई आर्थिक सहयोग हस्तान्तरण गरेका छन्।

सहयोग हस्तान्तरण गर्दै प्रमुख कार्यकारी अधिकृत खत्रीले कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयलाई सहयोग गर्न पाउँदा आफूलाई खुसी लागेको बताएका छन्। उक्त सहयोगबाट पुस्तकालय पुनर्निर्माणमा विद्यालयलाई केही हदसम्म भएपनि राहत मिल्ने धारणा व्यक्त गरे।

विद्यालयका प्रधानाध्यापक केशरबहादुर खातीले शिक्षाका लागि कम्पनीले विद्यालयलाई गरेको आर्थिक सहयोगबाट पुस्तकालय पुनर्निर्माण गरिने जानकारी दिए। उनले आर्थिक सहयोग प्रदान गरेकोमा कम्पनीलाई विद्यालयको तर्फबाट धन्यवाद दिएका छन्।

## दसैं पछिको पहिलो दिन नेप्से २८ अंकले घट्यो, सवा ७४ करोडको

**काठमाडौं–** दसैं बिदापछिको पहिलो कारोबार दिन सेयर कारोबार मापक नेप्सेमा भारी गिरावट आएको छ। अघिल्लो कारोबार दिनको तुलनामा २८.१८ अंकले घटेपछि समग्र नेप्से परिसूचक १ हजार ८ सय ७५.६५ बिन्दुमा बन्द भएको छ। अघिल्लो दिनको तुलनामा यो १.४८ प्रतिशतले कम हो।





दसैं पछिको पहिलो दिन नेप्से २८ अंकले घट्यो, सवा ७४ करोडको कारोबार

दसैं बिदा सुरु हुनु अघिको साता प्राय सबै दिन ओरालो लागेको नेप्से ले लामो बिदापछि पनि सोही प्रवृत्ति पछ्याएको हो। करिब तीन साता अघि राष्ट्र बैंकले परिमार्जन गरेको नीतिगत व्यवस्था लगानीकर्ताले नरुचाएपछि नेप्से लगातार घटिरहेको थियो। यसलाई राष्ट्र बैंकको पछिल्लो नीतिगत संशोधनलाई लगानीकर्ताले सकारात्मक रूपमा नलिएको रूपमा विश्लेषण गरिएको छ।

पछिल्ला महिनामा सेयर बजार बढ्न नसक्नुको प्रमुख कारकका रुपमा हेरिएको सेयर कर्जाको सीमा नेपाल राष्ट्र बैंकले गत असोजमा बढाएर व्यक्तिका लागि १५ करोड र संस्थाका लागि २० करोड बनाएको छ। यसअघि यस्तो सीमा व्यक्ति र संस्था सबैका लागि १२ करोड रुपैयाँ थियो। आइतबार ३४ हजार ९० वटा कारोबारबाट २७ लाख १२ हजार १२३ कित्ता सेयर किनबेच भएको छ। उक्त किनबेचबाट ७४ करोड २९ रुपैयाँ बराबर सेयर कारोबार भएको छ।

सो दिन कारोबारमा आएकामध्ये २०० वटा कम्पनीको सेयर मूल्य घट्यो। २७ वटा कम्पनीको बढ्यो भने ७ वटाको सेयर मूल्य स्थिर छ।

## भूकम्प पीडितलाई प्राधिकरणको १ करोड, उद्धार उडानमा विमानस्थल सेवा शुल्क छुट



भूकम्प पीडितलाई प्राधिकरणको १ करोड, उद्धार उडानमा विमानस्थल


काठमाडौं। नेपाल नागरिक उड्डयन प्राधिकरणले जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितलाई राहतस्वरुप १ करोड रुपैयाँ दिने निर्णय गरेको छ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले भूकम्प पीडितको राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ करोड रुपैयाँ जम्मा गर्ने निर्णय गरेको जानकारी दिए।

प्राधिकरणले भूकम्प पीडितहरुका लागि नेपालगन्ज र रुकुमको चौरजहारीमा गरिने उद्धार उडानमा विमानस्थल सेवा शुल्क छुट दिने निर्णय पनि गरेको छ।

आन्तरिक वायु सेवा प्रदायक कम्पनीहरुलाई उद्धार उडानका लागि प्रोत्साहित गर्न विमानस्थल सेवा शुल्क छुट दिने निर्णय गरेको अधिकारीले जानकारी दिए।

## १२ दिनमा मनकामना केबलकार ३३ हजार बढीले चढे, एकै दिन साढे ६ हजारको यात्रा



**काठमाडौं–** दसैंको १२ दिनमा मनकामना केबलकारमा ३३ हजार ३४० जनाले यात्रा गरेका छन्। घटस्थापनादेखि त्रयोदशीसम्म यात्रुको संख्या ह्वात्तै बढेको मनकामना दर्शन प्रालिका कार्यकारी निर्देशक राजेशबाबु श्रेष्ठले जानकारी दिए।

उनका अनुसार बिहीबार एकै दिन ६ हजार ५२२ जनाले मनकामना केबलकारमा यात्रा गरेका छन्।

'बिहीबार (हिजो) बिहानै ६ बजेदेखि मनकामना मन्दिरमा पुजा गर्न जाने भक्तजनको केबलकार गेटमा लाइन सुरु भएको थियो। हामीले उचित व्यवस्थापन गरेर यात्रा गराउन सफल भयौं,' उनले विजमाण्डुसँग भने, 'हामीले दसैंमा नवमी, दशमी र एकादशीमा केबलकार बन्द गरेका थियौं। अब शनिबार कोजाग्रत पूर्णिमासम्म यात्रुको भिड बढी हुन्छ।'

श्रेष्ठका अनुसार सोह्र श्राद्धमा भारतीय पर्यटकका कारण केबलकारको व्यापार उत्साहजनक रहेको थियो।

'सोह्रश्राद्धमा नेपालीहरु कम आउने गर्छन्। त्यो बेलामा भारतीयहरुको संख्या राम्रो थियो,' उनले भने।

## भूकम्प पीडितका नेपाल पर्वतारोहण संघले ३१ लाख ११ हजार रूपैयाँ सहयोग गर्ने




काठमाडौं- नेपाल पर्वतारोहण संघले भूकम्प पीडितहरुको राहतका लागि ३१ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ।

संघको आइतवार बसेको बोर्ड बैठकले जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितको राहतका लागि आर्थिक सहयोग गर्ने निर्णय गरेको अध्यक्ष निमा नुरु शेर्पाले बताए।

'जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट जनधनको ठूलो क्षति भएको छ। यो क्षणमा पीडित परिवारलाई राहतस्वरुप हामीले ३१ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गर्ने निर्णय गरेका हौं,' उनले भने। संघले राहत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्नेछ।

सरकारले भूकम्प पीडितका लागि कोषमा आर्थिक सहयोग गर्न आग्रह गरेको छ।

## नेपाल राष्ट्र बैंक र महासंघबीच समझदारी, आर्थिक तथ्यांक र सूचना आदानप्रदान गर्ने

काठमाडौं। नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासंघबीच अध्ययन/अनुसन्धानको प्रयोजनका निम्ति आर्थिक तथ्यांक र सूचना आदानप्रदान गर्ने समझदारी भएको छ।

गभर्नर महाप्रसाद अधिकारी र महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको उपस्थितिमा शुक्रबार बैंकमा एक कार्यक्रमबीच समझदारी भएको हो। समझदारीपत्रमा बैंकका तर्फबाट आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र महासंघका महानिर्देशक गोकर्णराज अवस्थीले हस्ताक्षर गरे।

समझदारीअनुसार आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयारीका लागि महासंघमा आबद्ध उद्योगहरूले प्रत्येक त्रैमासमा आवश्यक तथ्यांक र सूचना राष्ट्र बैंकलाई उपलब्ध गराउनेछन्। त्यसका निम्ति महासंघले उद्योगहरूसँग आवश्यकताअनुसार समन्वय र सहजीकरण गर्नेछ।

साथै, बैंकले समयसमयमा गर्ने आकस्मिक तथा विशेष अध्ययनका लागि आवश्यक पर्ने औद्योगिक तथ्यांक र सूचना जुनसुकै समयमा महासंघमा आबद्ध उद्योगहरूले बैंकलाई उपलब्ध गराउने समझदारी भएको छ।

महासंघ वा उद्योगले उपलब्ध गराउने तथ्यांक नेपाल सरकार वा राष्ट्र बैंकले अध्ययन/विश्लेषण तथा एकीकृत रूपमा प्रकाशन गर्ने प्रयोजनका लागि मात्र उपयोग गरिनेछ।

सम्बन्धित निकाय र उद्योगबाट प्राप्त तथ्यांक र सूचनाको पूर्णरूपमा गोपनीयता कायम गरिने दुईपक्षीय समझदारी छ। त्यसरी उपलब्ध गराइएको तथ्यांक र सूचना बृहत् आर्थिक नीति निर्माण गर्ने प्रयोजनबाहेक व्यक्तिगत रूपमा अध्ययन/अनुसन्धान, प्रकाशन र अन्य कुनै पनि प्रयोजनका लागि उपयोग नगरिने समझदारी भएको छ।

» बाकी ६ पृष्ठमा

# अर्थ संसार

## तीन महिनामा ५ अर्ब बराबरको २१३५ युनिट विद्युतीय गाडी आयात भारत र



काठमाडौं– आर्थिक वर्षको तीन महिनामा ५ अर्ब १७ करोड रुपैयाँ बराबरको २१ सय ३५ युनिट विद्युतीय कार, जीप र भ्यान आयात भएका छन्। भन्सार विभागले आइतबार जारी गरेको तथ्यांकअनुसार गत साउनदेखि असोज महिनासम्म ५ अर्ब १७ करोड बराबरको २१ सय ३५ वटा विद्युतीय कार, जीप र भ्यान आयात भएको छ।

## महालक्ष्मी विकास बैंकद्वारा आर्किड गार्डेन नेपाल परियोजनालाई आर्थिक सहयोग




काठमाडौं। "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रुपले सरल, सहज र गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आईरहेको महालक्ष्मी विकास बैंक लिमिटेडद्वारा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत पिछडिएका बालबालिकाहरुको अधिकार, कल्याण र स्वास्थ्य सुरक्षित गर्ने मुख्य उद्देश्यले स्थापित आर्किड गार्डेन नेपाल परियोजनालाई सफल बनाउन राउण्ड टेबल नेपालसँग समन्वय गरी आर्थिक सहयोग प्रदान गरेको छ।

विगत १७ वर्ष देखि पिछडिएका बालबालिकाहरुलाई दिवा स्याहार तथा शिक्षा प्रदान गरिरहेको बाल विद्यालयको हालको अवस्था अत्यन्त नाजुक रहेकोले विद्यालयको अवस्था सुधार गरी बालबालिकाको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले बैंकले रु. ५०,०००/- को आर्थिक सहयोग गरेको हो। विद्यालय ग्राउण्ड सतह भन्दा करिब ४ फिट तल रहेको, बर्षायाममा कक्षा कोठामा बाढी पस्ने कारणले विद्यालय बन्द गर्नुपर्ने र सरकारी प्राधिकरणबाट विद्यालय सुधारका लागि सूचना समेत आइसकेकोले आर्किड गार्डेन नेपाल परियोजना अन्तर्गत रहि विद्यालय सुधार गर्न लागिएको हो। ६ महिनादेखि ९ वर्षसम्मका १५० जना बालबालिकाहरुलाई दिवा स्याहार सेवा तथा शिक्षा प्रदान गरिरहेको विद्यालयले सुधार पश्चात करिब २०० जना बालबालिकालाई सेवा प्रदान गर्ने सामर्थ्य राख्दछ।

आगामी दिनहरुमा पनि संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरुलाई थप प्रभावकारी रुपमा निरन्तरता दिने कुरा बैंकले जनाएको छ। विगत देखि नै ग्राहक महानुभावहरुको आम्दानीमा उच्च प्रतिफल दिन प्रतिबद्ध रहिआएको यस बैंकले आम ग्राहक महानुभावहरुको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर गर्दै अझै थप गुणस्तरिय वित्तीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

## भारतीय बजारमा नेपाली वस्तुको प्रवेश बढाउन सहयोग गर्ने राजदूत शर्माको आश्वासन

विराटनगर। भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले भारतीय बजारमा नेपाली वस्तुको प्रवेश बढाउन सहयोग गर्ने आश्वासन दिएका छन्।

राजदूत शर्माले नयाँ दिल्लीमा भएको विश्व खाद्य प्रदर्शनीमा आइतबार एसियन थाई फुड्स र एसियन बिस्कुटको स्टल अवलोकनका क्रममा नेपाली वस्तुको बजार बढाउन सहयोग गर्ने आश्वासन दिएका हुन्।

एसियन थाई फुड्सका सञ्चालक महेश जाजुका अनुसार राजदूत शर्माले भारतीय बजारमा नेपाली उत्पादनलाई परिचित गराउन दूतावासले सहयोग गर्ने आश्वासन दिए।

'सरकारले गर्नुपर्ने काम तपाईं निजी क्षेत्रले गर्नुभएको छ,' राजदूत शर्मालाई उद्धृत गर्दै जाजुले भने, 'यस्ता प्रदर्शनीमा उद्योगीलाई सहभागी गराउन सरकारले अग्रसरता दिनुपर्ने हो। तर तपाईंहरू आफ्नै मेहनत र खर्चमा आउनुभएको छ। अर्को पटकदेखि दूतावासले सहयोग गर्नेछ।'

उक्त अवसरमा राजदूत शर्माले एसियन थाई फुड्सको नयाँ नुडल्स 'टुपीएम किम्ची' सार्वजनिक गरे। प्रदर्शनीमा ९० देशका खाद्य उद्योग सहभागी थिए। नेपालबाट एसियन थाई फुड्स र एसियन बिस्कुटले मात्र स्टल राखेका हुन्।

# ज्येष्ठ नागरिकको मृत्युबारे छानबिन गर्न चिकित्सक संघको माग




**काठमाडौँ–** नेपाल चिकित्सक संघले पाटन अस्पतालमा ज्येष्ठ नागरिकहरूको मृत्युबारे सत्यतथ्य छानबिन गर्न माग गरेको छ।

कात्तिक १८ गते पाटन अस्पतालमा ज्येष्ठ नागरिक वार्डमा दुई जनाको मृत्यु भएको थियो।

संघले सोमबार एक विज्ञप्ति जारी गर्दै ज्येष्ठ नागरिकको मृत्युपछि स्वास्थ्यकर्मीमाथि भएको कुटपिट, गालीगलौज र ज्यान मार्ने धम्कीप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

'घटनामा संलग्न दोषीहरूलाई स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन २०६६ (पहिलो संशोधन) बमोजिम कानुनी कारबाही गरी भयरहित वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्ने वातावरण तयार गर्न माग गर्दछ,' संघका महासचिव सञ्जीव तिवारीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

उपचारको क्रममा कुनै आशंका उत्पन्न भए सत्यतथ्य छानबिन गरी कानुन अनुसार सजायको भागिदार जोसुकै हुने डा. विज्ञप्तिमा उल्लेख छ।

# जाजरकोट भूकम्प : जाजरकोट र रुकुम पश्चिममा गरी २ सय ४८ विद्यालय भत्किए



जाजरकोटको बारेकोट गाउँपालिका- १ रामिडाँडालाई केन्द्रबिन्दु बनाई गएको भूकम्पका कारण जाजरकोट र रुकुम (पश्चिम) मा गरेर २ सय ४८ विद्यालय भत्किएका छन्। सोमबारसम्म संकलन भएको तथ्याङ्क अनुसार २ सय ४८ विद्यालय भवन भत्किएका हुन्। १ सय ६ विद्यालय भवन पूर्ण रुपमा क्षति भएको छ।

जाजरकोटमा पूर्ण क्षति भएका विद्यालयहरू भवन ९१ वटा, ३ सय ६६ वटा कक्षाकोठा, ४३ वटा शौचालय, ११ वटा कम्प्युटर कक्षा, १ वटा पुस्तकालय, ७ वटा घेरवार पर्खाल, ४ वटा सोलार सिस्टम रहेको छ।

त्यस्तै आंशिक क्षति भएका विद्यालय भवनहरु १ सय २२ वटा, ४ सय ७६ वटा कक्षा कोठा, ३५ वटा शौचालय रहेको शिक्षा विकास तथा समन्वय इकाई जाजरकोटका प्रमुख रमेश मल्लले बताए।

उनका अनुसार भूकम्पमा परि १ शिक्षक, ११ विद्यार्थीको मृत्यु भएको र २ शिक्षक र २० विद्यार्थी घाइते भएका छन्। सबै पालिकाबाट सोमबारसम्म संकलन भएर आएको तथ्याङ्कमा आधारित भएको समन्वय इकाई प्रमुख मल्लले बताए।

यस्तै रुकुम (पश्चिम) मा पूर्ण रुपमा १५ विद्यालय भवन भत्किएका छन्। आंशिक २० वटा भवन भत्किएको विवरण आएको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख तारा पुनले बताए।

उनका अनुसार रुकुम पश्चिममा १४ विद्यार्थीको मृत्यु भएको छ। १ विद्यार्थी र १ शिक्षक घाइते भएका छन्।

उनका अनुसार विकट भूगोलका कारण विद्यालयको क्षतिको विवरण अझै आउन बाँकी छ।

# पोखरा-मुग्लिन सडकमा कालोपत्रे सुरू



**पोखरा–** पोखरा मुग्लिन सडक खण्ड अन्तर्गत पूर्वतर्फ कालोपत्रेको काम सुरु भएको छ। डुम्रेदेखि छिर्कने भन्ज्याङसम्म पहिलो चरणमा पिच गर्न लागिएको हो। आइतबारदेखि कालोपत्रे सुरु भएको पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिए। यहाँको ३ किलोमिटर सडक तिहार अघि नै कालोपत्रे सम्पन्न गर्ने योजना छ।

आँबु खैरेनीदेखि पोखरासम्मको करिब ८२ किलोमिटर सडक खण्डलाई २ वटा ठेक्का लगाएर स्तरोन्नति गर्न लागिएको हो। पूर्वी खण्ड आँबुखैरेनीदेखि जामुनेसम्म छ भने दोस्रो खण्ड जामुनेदेखि पोखरासम्म छ। दोस्रो खण्डभन्दा पहिलो खण्डमा काम तीव्र रुपमा भैरहेको छ।

जेठमा बरादी खण्डमा ३ किलोमिटर सडक पिच भैसकेको छ। यो आर्थिक वर्षको पहिलो पटक पिच गरिएको उनले बताए। हालसम्म ३७ प्रतिशत हाराहारी काम सकिएको उनले जानकारी दिए। 'कोरोना लगायतका कारण प्राकृतिक समस्या भएको थियो। ठेकेदारका कारण रोकिएको छैन। कोरोना अवधि थप्दा सम्झौता अवधिमै काम सकिने विश्वास छ,' उनले भने, 'अहिलेसम्म कल्भर्ट, कटिङ लगायत काम अलि ढिलो भयो। अब मेसिनले गर्ने काम हो, अलि छिटो जान्छ।'

उनले तिहार लगत्तै डुम्रेको नालापुलदेखि छिर्कनसम्मको सडक पिच गरेर आँबुखैरेनी क्षेत्रमा जाने बताए। हाल ४ मध्ये २ लेनमा पिच गर्ने काम भइरहेको छ। पूर्वी खण्ड ४१.४५ किलोमिटर छ। २०८१ वैशाखसम्म काम सक्नेगरी ठेक्का सम्झौता भएकोमा तोकिएको म्यादभित्र काम सम्पन्न हुने सम्भावना निकै कम छ। २०७७ माघ १७ गते चाइना कम्युनिकेसन कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरिएको हो। यसको लागत ६ अर्ब २१ करोड ३१ लाख छ।

एसियाली विकास बैंकको २१ अर्ब ५० करोड सहुलियत ऋण सहयोगमा सडक स्तरोन्नति गर्न लागिएको हो। पश्चिम खण्डको काम भने निकै सुस्ताएको छ। यो सडक २५ मिटर फराकिलो हुनेछ भने सहरी क्षेत्रमा ४१ मिटर हुनेछ।

# वीर अस्पतालको कर्मचारी भर्ना रद्द गर्न माग




**काठमाडौँ–** वीर अस्पतालले करारमा कर्मचारी माग गर्दै आह्वान गरेको सूचना रद्द गर्न माग गरिएको छ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्वीकृत दरबन्दी अन्तर्गत वीर अस्पतालमा करारमा कर्मचारी भर्ना गर्नेगरी गत कात्तिक १० गते निर्णय गरी दरखास्त बुझाउने अन्तिम दिन कात्तिक १७ गते १२ बजेतिर नयाँ सर्जिकल भवनमा टाँसिएको थियो।

तर आवेदन बुझाउने अन्तिम दिनमात्र सूचना सार्वजनिक गरिएको आरोप लगाउँदै प्रधानमन्त्री कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, राष्ट्रिय सतर्कता केन्द्रमा अस्पतालका केही कर्मचारी र निवेदकहरूले सूचना रद्द गर्न माग गरेका छन्।

सूचना अनुसार कात्तिक १९ गते अर्थात् आज अन्तरवार्ताको मिति राखिएको थियो। 'निवेदक र कर्मचारीले माग गरे अनुसार रद्द हुने भयो कि कति जना निवेदनकलाई अन्तरवार्ता लिनुभयो भन्ने रातोपाटीको प्रश्नमा अस्पतालका सूचना अधिकारी बाबुराम घिमिरेले कर्मचारी भर्ना प्रक्रियामै रहेको र यसमा थप कुरा खुलाउन नमिल्ने बताए।

हालसम्म सूचनाका आधारमा कति जनाले आवेदन दिए भन्ने

» बाकी ६ पृष्ठमा

## खेलकुद

# लिभरपुलका फरवार्ड फुटबल खेलाडिका बुबा अपरित



**कम्बोडिया–** लिभरपुल फरवार्ड लुइस डियाजका पिता कोलम्बियामा अपहरणमा परेका छन्। उनको खोजीका लागि ठुलो सैन्य तथा प्रहरी अपरेसन सुरु गरिएको छ भने अधिकारीहरूले उनीबारे सूचना दिनेलाई ४० हजार पाउन्ड (करिब ६४ लाख रुपैयाँ) दिने घोषणा गरेका छन्।

लुइस डियाजका पिता लुइस म्यानुअल डियाज र उनकी पत्नीलाई आइतबार सशस्त्र व्यक्तिहरूले नियन्त्रणमा लिइएको खबर आएको थियो। डियाजकी आमा सिलेनिस मारुलान्डा भने बारानकासमा फेला परेकी छन्। उनको पितालाई खोज्नका लागि उत्तरी कोलम्बियामा १२० जनाभन्दा बढी सेना र प्रहरी खटिएका छन्।

सेनाले उनको खोजीमा दुईवटा प्लटूनका साथै हेलिकप्टर र प्लेन परिचालन गरेको जानकारी दिएको छ। कोलम्बियाका अधिकारीहरूले अपहरणको विस्तृत जानकारी नदिए पनि बारानकासको एक पेट्रोल पम्पबाट उनीहरूलाई मोटरसाइकलमा आएका हतियारधारीहरूले उठाएर लगेका थिए।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले डियाजको पिताको खोजीमा सबै सुरक्षा बल परिचालन गरिएको बताएका छन्। आइतबार नटिङह्याम फरेस्टविरुद्धको खेलमा डियाज लिभरपुलको टोलीमा अनुपस्थित रहेका थिए।


# कोहलपुर गोल्डकप : फाइनलमा आर्मी र चर्च ब्वाइज भिड्ने

नेपालगन्ज – कोहलपुर जारी मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगितामा सोमबार त्रिभुवन आर्मी फुटबल क्लबले सिन्धुलीको दूधौली स्पोर्टस क्लबलाई ४-१ ले पराजित गर्दै फाइनल यात्रा तय गरेको छ।

कोहलपुर गोल्डकप : फाइनलमा आर्मी र चर्च ब्वाइज भिड्ने

तेह्र बिघा खेल मैदानमा सोमबार खेलमा दूधौलीले अग्रता बनाएको थियो। अजयकुमार श्रीवास्तवले २९ औं मिनेटमा गोल गरेर दूधौलीलाई अगाडि बढाए।आर्मीका टंक बस्नेतले ३४ औं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। त्यसपछि टंकले ६१ औं मिनेटमा अर्को गोल थपेका थिए। आर्मीकै मानबहादुर आलेमगरले ७३ औं र मदन लिम्बूले ८३ औं मिनेटमा १-१ गोल गरेका थिए।

खेलमा आर्मीका मानबहादुर नै म्यान अफ द म्याच घोषित भएका थिए। उनलाई कोहलपुर-१२ का वडाअध्यक्ष वीरेन्द्रकुमार शाहले ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरे।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १४, २०८० साल कातिक २१ गते मंगलबार (Nov 7, 2023)

### प्याराग्लाइडिङ...

पृष्ठ १ बाट जारी

उडानको अधिकांश समय जंगलमाथि हुने भएकाले जंगलको हरियाली त्यहाँको अर्को मज्जा हो ।

सरकारी अनुमति अनुसार, कम्पनीले एकैपटकमा १२ प्याराग्लाइडर उडाउन सकिने सुनुवार बताउँछन् । दिनमा करिब सय जनासम्मलाई सेवा दिन सकिने उनले बताए ।

स्याङ्जाको स्वरेक मैदानमा प्याराग्लाइडिङ स्कुल सञ्चालन गरिरहेका सुनुवार साहसिक हवाई पर्यटन नेपालभर सम्भव भएको र काठमाडौंमा उपत्यकाबासीलाई पनि प्यारा उडानको स्वाद चखाउन चन्द्रागिरीमा लगानी गरेको बताउँछन् ।

उनले भने,'नेपालभरि प्याराग्लाइडिङ फैलाउने अभियान छ । काठमाडौँमा जनघनत्व धेरै भएकाले यसको छिटो र प्रभावकारी सन्देश फैलाउन सकिनेमा म आशावादी छु ।'

कम्पनी 'क्रस कन्ट्री' उडाउन गराउन समेत तयारी अवस्थामा रहेको उनले बताए । चन्द्रागिरीमा प्याराग्लाइडिङ सञ्चालनका लागि हालसम्म करिब डेढ करोड लगानी भैसकेको र लगानी अझै बढ्ने उनको भनाइ छ ।

अनुसन्धान, कागजी प्रक्रिया र भौतिक तयारी गरि करिब ६ वर्षको प्रयासमा चन्द्रागिरीमा प्याराग्लाइडिङ सुरू गर्न सफल भएको सुनुवारले जानकारी दिए ।

कति लाग्छ शुल्क ?

कम्पनीले चन्द्रागिरीमा प्याराग्लाइडिङमा उड्नका लागि प्रतिव्यक्ति ८ हजार रुपैयाँ शुल्क कायम गरेको छ । सो शुल्कमा १५ देखि २५ मिनेटको प्याराग्लाइडिङ उडान, सो अवधिको फोटो तथा भिडियोका साथै गाडिमा काठमाडौंबाट प्याराग्लाइडिङ स्थलसम्मको जाने-आउने सुबिधा उपलब्ध हुनेछ । फोटो र भिडियोको उपकरणको प्रवन्ध कम्पनीले नै गर्छ । सोही प्याकेजका लागि विदेशी नागरिकले १२ हजार रुपैयाँ प्रतिव्यक्ति शुल्क तिर्नुपर्ने सुनुवारले जानकारी दिए ।

कम्पनीको सवारीमा जाने-आउने सुबिधा नलिने नेपाली पर्यटकले ७ हजार २ सय रुपैयाँ तिरेरै प्याराग्लाइडिङ उडानको मज्जा लिन पाउनेछन् ।

के ख्याल गर्ने ?

प्याराग्लाइडिङ उडानमा जाँदा हावा नछिर्ने ज्याकेट र कालो चस्माको प्रयोग गर्नु उपयुक्त हुन्छ । यसो हुँदा उडानका क्रममा हावाको वेगले तपाईंलाई अप्ठ्यारो बनाउँदैन । यस्तै, उडान 'टेक अफ' को समयमा दौडनुपर्ने भएकाले चप्पलभन्दा जुत्ता लगाउनु उत्तम हुन्छ ।

### च्यांग्रा बिक्री...

पृष्ठ ३ बाट जारी

भनिन्, 'यद्यपि खाद्यको उद्देश्य मूल्य नियन्त्रण गरेर सर्वसाधारणको सेवा गर्ने हो ।'

खाद्यले दाङमा २५ किलोभन्दा बढीको खसीलाई प्रतिकिलो ५ सय ६२ र २० देखि २५ किलोको खसीलाई ५ सय ४५ रुपैयाँमा किनेको छ । बोका भने प्रतिकिलो ५ सय ४२ रुपैयाँमा खरिद गरेको जनाएको छ । वीरगन्जबाट २५ किलोभन्दा बढीको खसीलाई प्रतिकिलो ६ सय ५, २० देखि २५ किलोलाई ५ सय ८४ र बोकालाई ५ सय ७० रुपैयाँमा खरिद गरेको छ । च्यांग्रा भने प्रतिकिलो १ हजार १ सय २५ रुपैयाँमा किनिएको खाद्यले जनाएको छ ।

खाद्यको ढुवानी, प्रशासनिक खर्चसहित जोडेर बिक्री मूल्य निर्धारण गरिएको भनाइ छ । काठमाडौं चौपाया खरिदबिक्री प्रालिका अध्यक्ष जनक खड्काले पनि दसैंका लागि ल्याइएका करिब ३ सय च्यांग्रा मौज्दात रहेको बताए । सुरुमा प्रतिकिलो १ हजार ३ सय रुपैयाँमा बिक्री भएको च्यांग्रा अहिले मूल्य घटेर प्रतिकिलो एक हजारदेखि १ हजार १ सय रुपैयाँमा बिक्री गरिएको उनले जनाए ।

### नेपाल राष्ट्र बैंक...

पृष्ठ ४ बाट जारी

तथापि, उद्योग/व्यवसायको पहिचान नहुने गरी प्रकाशित भएको तथ्यांक र सूचनाको उपयोगमा भने बाधा पर्ने छैन।

कार्यक्रममा गभर्नर अधिकारीले बैंक र महासंघबीचको समझदारीबाट तथ्यांक र सूचनाको आदानप्रदानमा सहजीकरण हुने उल्लेख गर्दै त्यसले बैंकका नीतिगत व्यवस्थाको तर्जुमा र कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

महासंघका अध्यक्ष ढकालले औद्योगिक क्षेत्रका तथ्यांक र सूचना नियमित रूपमा बैंकलाई उपलब्ध गराउन महासंघले समन्वय गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुंगाना तिम्सिना, बैंकका निर्देशकद्वय मुक्तिनाथ सापकोटा र नारायणप्रसाद पोखेल तथा महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ, उपाध्यक्षहरू सुरकृष्ण वैद्य, हेमराज ढकाल र ज्योत्सना श्रेष्ठलगायत उपस्थित थिए।

# अमेरिकी वायुसेनाको विमान काठमाडौंमा, कूटनीतिक उडानबारे सरकारी निकाय मौन



अमेरिकी वायुसेनाको एउटा विमान आज काठमाडौं आइपुगेको छ । अर्को उडान बिहीबार हुने बुझिएको छ । 'डिप्लोम्याटिक फ्लाइटस्' भनिए पनि त्यसबारे थप विवरण सरकारी निकायलाई नदिइएको स्रोतले बताएको छ ।

अमेरिकी दूतावासको सैनिक सहचारी कार्यालयले वायुसेनाको विमान आउन लागेको जानकारी परराष्ट्र मन्त्रालयलाई झण्डै एक महिनाअघि दिएको थियो । तर त्यसबारे विस्तृत विवरण नखुलाइएको बुझिएको छ । नेपाली सेनाले पनि आफ्ना मातहतका इकाइलाई त्यसबारे लेखेको पत्र र दिइएको बोधार्थमा समेत कूटनीतिक उडानबारे कुनै जानकारी नदिइएको स्रोतको दाबी छ ।

अमेरिकी दूतावासले कुटनीतिक उडानअन्तर्गत आज दिउँसो साढे १२ बजे आइपुगेको विमान पर्सि राति पौने २ बजे उड्ने र बिहीबार बिहान ९ बजे आइपुग्ने अर्को विमान आगामी शनिबार राति सवा २ बजे उड्ने संक्षिप्त जानकारी मात्र गराएको हो । त्यसमा वायुसेनाको डिओ ३२८ कल साइन सीएटीए २०२ विमान प्रयोग भएको बताइएको छ ।

अल्टरनेटिभ अर्थात् वैकल्पिक कल साइनको रुपमा सीएटीए १०१, सीएटीए ३०३ हुने बुझिएको छ । चालक मार्टिन सयर र केल्ली इभान रहेको उक्त विमानको तौल १५ हजार ६६० किलोग्राम छ ।

यसबारे परराष्ट्र र रक्षा मन्त्रालयका अधिकारीहरुले अनभिज्ञता जनाएका छन् ।

# 'जलवायु परिवर्तनका लागि छुट्टै नीतिको आवश्यक छ'

काठमाडौँ । विश्वव्यापी रुपमा भइरहेको जलवायु परिवर्तन र त्यसले नेपालमा पुऱ्याएको असर न्यूनीकरण गर्नको लागि छुट्टै नीतिको आवश्यकता रहेकोमा सरोकारवालाहरुले जोड दिएका छन् । आइतबार न्युज एजेन्सी नेपालले काठमाडौँमा गरेको संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण र जलवायु परिवर्तनको सवाल विषयक कार्यक्रममा बोल्दै सरोकारवालाहरुले जलवायु परिवर्तनले नेपालमा पुऱ्याएको असर न्यूनीकरणका लागि छुट्टै नीतिको आवश्यकता औँल्याएका हुन् । उनीहरुले भइरहेकै कानुन पनि कार्यान्वयन हुन नसकेको गुनासो गरेका थिए ।

कार्यक्रममा राष्ट्रिय सभामा नेपाली कांग्रेस संसदीय दलका नेता रमेशजंग रायमाझीले दिगो विकास तथा सुशासन कायम गर्न र जलवायु परिवर्तनका कारण बदलिँदै गएको सामाजिक परिवेशलाइ पुरानै अवस्थामा फर्काउनको लागि छुट्टै नीतिको आवश्यक भएको बताए । उनले जलवायु परिवर्तनको क्षेत्रमा गैह्र सरकारी विधेयक ल्याउनको लागि आफू प्रतिवद्ध रहेको बताए ।

नेता रायमाझीले जलवायु परिवर्तनका कारण देखिएका समस्या र यसको असरको प्रभाव समुदायस्तरसम्मै देखिएको बताए ।

यस्तै राष्ट्रिय सरोकार तथा समन्वय समितिका सभापति दिलकुमारी रावलले जलवायु परिवर्तन र यसले नेपालमा पारिरहेको असरका बारेमा बहुआयामिक ढंगले छलफल गरी नीति बनाउनुपर्ने आवश्यकता औँल्याइन् । जलवायु परिवर्तनको विषय राजनीतिक रहेको भन्दै उनले एउटा सरकारले ल्याएको नीति अर्को सरकारले स्वीकार नगर्ने परिपाटी रहनु दुःखद् भएको बताइन् । उनले अन्तर निकाय, अन्तर तहमा समन्वय हुनेगरी तथा सबै तहका जनप्रतिनिधि र नागरिकलाई समेत जानकारी हुनेगरी नीति निर्माण गर्न जरुरी रहेको बताइन् ।

कार्यक्रममा दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले जलवायु परिवर्तनको सन्दर्भमा विश्वमा समुन्द्रको जति प्राथमिकताका साथ हिमालको विषय उठ्न नसकेको बताए । उनले जलवायु परिवर्तन सम्बन्धी छुट्टै नीति आवश्यक रहेको अवस्थामा गैह्र सरकारी विधेयकको रुपमा यसलाई अघि बढाउन आफूहरु तयार रहेको बताए । उनले यसलाई गैह्र सरकारी विधेयकको रुपमा अगाडी बढाउन सबैको साथ आवश्यक रहेको बताए ।

सभापति पन्थले छिट्टै नै समितिले संुयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको भ्रमण र जलवायु परिवर्तनको क्षेत्रमा परेको प्रभाव तथा नेपालले आगामी कोप २८ सम्मेलनका उठाउने एजेण्डाका बारेमा मन्त्रालय र सरोकारवालाहरुसँग छलफल गर्ने पनि बताए ।

सरोकारवालाहरुले यससम्बन्धी छुट्टै नीति नभएकै कारण अन्तर्राष्ट्रिय स्तरबाट आउने सहायता रकमहरु आउन नसकेको, आएका रकमलाई सही ठाउँमा उपयोग गर्न नसकिएको तथा स्थानीय स्तरसम्ममा रकम पुग्दा कम मात्रै पुग्ने स्थिति आएको गुनासो समेत गरेका थिए ।

# अन्तराष्ट्रिय समाचार

## बन्धक बनाइएका नागरिकबारे थाइल्यान्डले हमाससँग इरानमा गऱ्यो वार्ता



बैंकक – थाई अधिकारीहरूले बन्धक बनाइएका आफ्ना नागरिकबारे हमास समूहसँग कुराकानी गरेका छन् । बन्धक बनाइएका २२ थाईको अवस्थाका बारेमा गत साता इरानमा हमाससँग प्रत्यक्ष वार्ता गरेको थाई प्रतिनिधिमण्डलका प्रमुखले बताएका छन् ।

हमास अधिकारीहरूसँग प्रत्यक्ष वार्तामा संलग्न टोलीका अरिपेन उत्तरासिन (बीचमा) ।

वार्ताकारहरूले गत बिहीबार तेहरानमा हमासका अधिकारीहरूलाई भेटेका थिए । भेटमा हमासले थाई बन्धकलाई 'उचित समय' मा रिहा गरिने वचन दिएको अरिपेन उत्तरासिनले बुधबार बैङ्कमा पत्रकारहरूसँगको कुराकानीमा बताए ।

इजराइली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा गाजापट्टीबाट हमासले सुरु गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सय मानिसको ज्यान गएको थियो । हमासले दुई सय ३० भन्दा बढीलाई बन्धक बनाएको थियो । जवाफमा इजराइली सेनाले गाजामाथि हमला गर्दा आठ हजार सात सयभन्दा धेरै गाजाबासी मारिएको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ । हमासको बन्धकमा नेपालका विपिन जोशी पनि परेको इजरायल सरकारले पुष्टि गरेको छ ।


थाई संसद्का अध्यक्षद्वारा नियुक्त तीन सदस्यीय वार्ता टोलीको नेतृत्व गर्ने अरिपेनले इरानमा हमासका अधिकारीहरूसँग दुई घण्टा बैठक बसेको जानकारी दिए । 'उनीहरू निर्दोष रहेको भन्दै मैले थाई बन्धकको रिहाइका लागि कुरा गरेँ,' उनले भने, 'उनीहरूले थाई बन्धकको राम्रो हेरचाह गरिएको मलाई आश्वासन दिएका छन् तर उनीहरूको रिहाइको मिति बताउन सकेनन्, उनीहरू उचित समयको प्रतीक्षा गरिरहेका थिए ।'

प्रधानमन्त्री श्रेथा थाभिसिनले थाई बन्धकहरूलाई स्वदेश फर्काउन कडा मेहनत गरिरहेको बताएका छन् । साथै विदेशमन्त्रीले यसै साता कतार र इजिप्टसँग कुराकानी गरेका छन् ।

कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल-थानीले खाडी क्षेत्रको स्थितिको 'जटिलता' भए पनि बन्धकहरूलाई मुक्त गराउने प्रयासलाई अगाडि बढाइरहेको बताएका छन् ।

द्वन्द्व सुरु हुँदा इजराइलमा करिब ३० हजार थाई नागरिकले काम गरिरहेका थिए । तीमध्ये अधिकांश कृषि क्षेत्रमा संलग्न थिए । मन्त्रालयका अनुसार द्वन्द्वमा कम्तीमा ३२ थाईको मृत्यु र १९ जना घाइते भएका थिए । थाइल्यान्डले इजरायलमा रहेका सात हजार नागरिकलाई विमानमार्फत स्वदेश फर्काएको छ ।

## भूकम्पबाट धनजनको क्षतिप्रति रूसी राष्ट्रपति पुटिनद्वारा दुःख व्यक्त



काठमाडौँ – रुसका राष्ट्रपति भ्लादीमीर पुटिनले शुक्रबार राति पश्चिम नेपालमा गएको विनाशकारी भूकम्पबाट भएको धनजनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेका छन् ।

उनले राष्ट्रपति रामचन्द्र पौडेललाई शनिबार एक पत्र पठाउँदै प्राकृतिक विपत्तिको यस दुखद् घटनाबाट पीडित नेपालीप्रति गहिरो समवेदना प्रकट गरेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

राष्ट्रपति पुटिनले भूकम्पबाट पीडितहरुका आफन्त तथा शुभेच्छुक नेपाली जनताप्रति आफ्नो साथ, सहयोग र सहानुभूति रहेको उल्लेख गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेका छन् ।

## द्वन्द्वपछिको गाजा स्वतन्त्र प्यालेस्टाइन राज्यको हिस्सा हुनुपर्छ : एर्दोआन

काठमाडौँ – इजरायल-हमास द्वन्द्व समाप्त भएपछि गाजा एक स्वतन्त्र, सार्वभौम प्यालेस्टाइन राज्यको हिस्सा हुनुपर्ने टर्कीका राष्ट्रपति रेचेप तय्यप एर्दोआनले बताएका छन् । उनले आफूहरूले गाजा एक शान्तिपूर्ण क्षेत्रको रूपमा हेर्न चाहेको बताए ।

उनले गाजा प्यालेस्टाइन राज्यको हिस्सा भएको समेत बताए । उनले गाजापट्टीमा इजरायलको आक्रमणपछि इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुलाई कुनै पनि हिसाबले टर्कीको समकक्षीका रूपमा लिन नसकिने बताए ।

अन्तर्राष्ट्रिय कूटनीतिमा पूर्ण रूपमा सम्बन्ध तोड्ने कुनै काम नहुने पनि राष्ट्रपति एर्दोआनको भनाइ छ । उनले टर्कीको मुख्य लक्ष्य इजरायल-प्यालेस्टाइन मुद्दामा अन्तिम शान्ति स्थापना गर्नु रहेको कुरामा जोड दिँदै आफ्नो देशले यस सम्बन्धमा प्रयास जारी राखेको र जारी राख्ने बताए ।

# भूकम्पको क्षति पुनर्निर्माणको अवसर : प्रधानमन्त्री प्रचण्ड




प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भूकम्पले पुर्याएको क्षतिलाई पुनर्निर्माणको महत्वपूर्ण अवसरका रुपमा सदुपयोग गर्नुपर्ने बताउनुभएको छ ।

जाजरकोट र रुकुम पश्चिममा गएको विनासकारी भूकम्पको क्षति र सरकारले चाल्नुपर्ने कदमबारे छलफल गर्न बोलाइएको विपद् व्यवस्थापन जोखिम न्युनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १३ औं बैठकमा उहाँले सो धारणा राख्नुभएको हो । प्रधानमन्त्रीले विपदपछिको उद्दार, राहत र पुनर्निर्माण प्रभावकारी बनाउनेतर्फ गम्भीर हुन सबैलाई पुनः निर्देशनसमेत दिनुभयो ।

तीनै तहका सरकारको समन्वयमा खोज उद्धार र उपचारको काम मुलभूतरुपमा पूरा गरिसकेको जनाउँदै प्रधानमन्त्री प्रचण्डले अब राहत र पुनर्स्थापनामा केन्द्रित हुने पनि उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'भूकम्पपछि सबै दल, संघीय सरकार र विभिन्न निकायहरु, प्रदेश सरकार र स्थानीय सरकारहरुले लिएको पहलका निम्ति सबैमा धन्यवाद व्यक्त गर्दछु । हिजो हामीले खोज, उद्दार र उपचारको काम गर्नुपर्थ्यो, हामीले त्यो काम मूलभूत रुपमा पूरा गरेका छौं । अब राहत र पुनर्स्थापनातर्फ केन्द्रित हुनुपर्छ ।'

त्यसक्रममा प्रधानमन्त्रीले प्राकृतिक विपत्तिसँग जुध्न पर्याप्त पूर्वतयारी हुन नसकेको स्वीकार गर्दै अब त्यसतर्फ विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो । 'नेपाल प्राकृतिक विपदको जोखिममा रहेको देश हो । तर, सरकारले जति पहल गर्नुपर्ने हो, जनतामा जति चेतना अभिवृद्धि गर्नुपर्ने हो, त्यो पुगेको छैन', प्रधानमन्त्रीले भन्नुभयो, 'पूर्वतयारी पुगेको छैन । यसमा गम्भीर रुपमा सोच्न जरुरी छ ।'

"३ दिन हामी राहतका निम्ति अधिकतम राम्रो गर्न पहल गरौं । पुनर्स्थापना प्रभावकारी बनाउनुपर्छ । त्यसका लागि आवश्यक पर्ने ऐन, कार्यविधि र संरचना चाहिन्छ । भइरहेको ऐन, विधि र संरचनाले पुनर्निर्माणको काम प्रभावकारी देखिएको छैन, विगतको अनुभवको पनि हामीले राम्रो समीक्षा गर्नुपर्छ । आउने दिनमा थप प्रभावकारी बनाउने गरी हामीले काम गरौं ।' प्रधानमन्त्री प्रचण्डले थप अगाडि भन्नुभयो ।

२०७२ को विनाशकारी भूकम्पपछि भौगोलिक अध्ययन गरि त्यसका आधारमा बस्ती बसाल्नेतर्फ ध्यान नपुगेको जनाउँदै प्रधानमन्त्री प्रचण्डले अब भने त्यसमा ढिलाई गर्न नहुनेमा जोड दिनुभयो । 'सबैतिर भौगोलिक अध्ययन गर्ने र त्यसका आधारमा बस्ती बसाल्नेतिर सोच्नुपर्छ । विपदका लागि चाहिने आवश्यक सामग्रीहरु ७७ जिल्लामा राख्ने गरी काम गरौं । अहिलेदेखि नै ती सामग्री स्टोर गरेर राखौं', उहाँले भन्नुभयो ।

# 'उपहार' मेरो करिअरको नयाँ जन्म हो : रेखा थापा



राजनीतिमा सक्रिय भएपछि अभिनयमा निस्क्रिय देखिएकी अभिनेत्री रेखा थापाले करिब ५ वर्षपछि फिल्म 'उपहार'बाट पुनरागमन गरेकी छन् । फिल्ममा उनी स्वयंको मुख्य भूमिका रहेको छ भने उनका श्रीमान् बलराम शाही ठकुरी निर्मातामा छन् । ५ महिनाको गर्भवती रहँदा यो फिल्ममा एक्सनदेखि नृत्यसम्म गरेकी उनी 'उपहार'लाई आफ्नो करिअरकै नयाँ जन्मको रुपमा ब्याख्या गर्छिन् ।

शुक्रबार फिल्मको गीत सार्वजनिक कार्यक्रममा उनले पत्रकारको प्रश्नमा भने की थिइन्, 'उपहार'लाई मेरो करिअरकै नयाँ जन्म भन्न सक्छु । 'रुद्रप्रिया र मालिका'मा जे त्रुटीहरु भयो मबाट, फिल्ममा जुन आत्मा हुनुपर्थ्यो दुवैमा त्यो थिएन । खाली मैले अभियानको रुपमा बनाएछु फिल्म भन्ने लाग्छ । मेरा अघिल्ला फिल्महरुमा आत्मा हुने गर्थ्यो ।' 'उपहार' एकदमै राम्रो रहेको रेखाको दाबी छ ।

उनलाई यसअघि फिल्ममा सिनले छोएर आफैं रोएको सम्झना छैन । रुने सिनमा पनि ग्लिसिरिनको प्रयोग गरेको उनी सम्झन्छिन् । तर, 'उपहार'मा रुन ग्लिसिरिन नचाहिएको उनी बताउँछिन् । 'मलाई रुन आउँदैन । तर, यो फिल्ममा मलाई ग्लिसिरिन चाहिएन । नभए म रुन हल्का ग्लिसिरिन लगाउँथैँ । मजस्तो 'हार्ड' मान्छेलाई त सिनले छोयो भनेपछि छिट्टै रुने मान्छेलाई त धेरै छुन्छ होला ।'

उनले 'उपहार'लाई आफ्नो करिअरको सुरुवातदेखि अहिलेसम्मकै सबैभन्दा सवोत्कृष्ट फिल्मको रुपमा समेत दाबी गरेकी छन् । ५ महिनाको गर्भवती रहेको समयमा छायांकन गर्दा खासै गाह्रो नभए पनि 'वाह् वाह् वाह्' गीतमा नाच्ने बेलामा भने केही सर्तक भएको उनी सम्झन्छिन् । नेपाली समाजले गर्भ अवस्थालाई रोगजस्तो बनाइदिएको बताउँदै उनी यसलाई सेलिब्रेट गर्नुपर्ने सुझाव दिन्छिन् ।

'मेरो दिमागमा पनि एकखालको त्रास चाहिँ थियो । किनकि, गर्भवस्थामा महिला निकै संवेदनशील हुनुपर्छ भनिन्छ । गर्भवस्थालाई रोग जस्तो बनाइएको छ । 'बेड रेस्ट' गर्नुपर्छ, हल्लिनु हुँदैन भन्ने सुनेकाले मलाई पनि डर चाहिँ थियो,' उनले भनिन्, 'यो फिल्मबाट म के सन्देश दिन चाहन्छु भने मैले गर्भावस्थामा पनि उत्सवको रुपमा काम गरेँ । गर्भावस्था रोग होइन, यसलाई 'इन्जोय' गर्नुपर्छ ।'


# तिहार आयो दिदी भाईको मनमा उमंग छायो, गीत चाडै सार्वजनिक हुदै



**काठमाडौं–** तिहार नजिकिएसँगै तिहार सम्बन्धि गीतहरु सार्वजनिक हुने होड चलिरहेको वेला त्यस्तै अर्को एउटा "तिहार आयो दिदी भाईको मनमा उमंग छायो" बोलको गीत पनि केही दिनमा सार्वजनिक हुन लागेको उक्त गीतको छायाङकन गरेका वरिष्ठ छायांकन केसव अधिकारी(खत्री)ले जन अकाशलाई जानकारी दिएका हुन् ।

उक्त गीत दुर्गा अधिकारीले लेखेका हुन् भने स्वर जिज्ञशु पौडेल, निशा श्रीस मगरको रहेको छ । उक्त गीतको सुटिङ बालाजुमा शनिवार सम्पन्न भएको हो । म्युजिक भिडियोको निर्देशक मोहन कार्कीले गरेका छन् । उक्त गीतमा सुसेली मञ्च तथा विभिन्न साहित्य संघ, सस्थाका साहित्यकारहरुले अभिनय गरेकाछन् ।

# फिल्म 'दिमाग खराब' को नयाँ गीत बजारमा



**काठमाडौँ–** आगामी कात्तिक २४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'दिमाग खराब' फिल्मको 'झम्के झमा झम' बोलको नयाँ गीत सार्वजनिक भएको छ ।

सोमबार राजधानीमा एक कार्यक्रमकाबीच सार्वजनिक गीतमा निश्चल बस्नेत, स्वस्तिमा खड्का र सुपुष्पा भट्टको नृत्य देख्न सकिन्छ । डान्सिङ शैलीमा तयार गीतमा कलाकार दयाहाङ राई, खगेन्द्र लामिछाने, अर्पण थापा, विजय बराल लगायत पनि देखिएका छन् । बाबुल गिरीको शब्द, संगीत तथा एरेन्ज रहेको गीतमा सुमित खड्का र नम्रता काफ्लेको स्वर छ । गीतको कोरियोग्राफी भने शेखर घर्तीमगरले गरेका हुन् ।

निश्चल बस्नेतको निर्देशन रहेको फिल्म सिनेमा आर्टस् र ब्ल्याक हर्स पिक्चर्सको संयुक्त ब्यानरमा निर्माण भएको हो । आकाश बरालको पटकथा, सुसन प्रजापतिको छायाङ्कन, निमेष श्रेष्ठको सम्पादन, जयन के बाइबा र बाबुल गिरीको संगीत तथा रोहित शाक्यको ब्याक ग्राउन्ड स्कोर समेत फिल्ममा छ ।

दयाहाङ राई, खगेन्द्र लामिछाने, अर्पण थापा, विजय बराल, स्वस्तिमा खड्का, सुपुष्पा भट्ट, सुमन कार्की लगायतको अभिनय रहेको फिल्मको सुरज बम ठकुरी कार्यकारी निर्माता र रौनकविक्रम कँडेल निर्माता रहेका छन् । फिल्म जनता र शक्तिको कथामा केन्द्रित रहेको बताइएको छ ।

होसियारीपूर्वक कारोबार गरौं, कानूनी कारवाहीबाट बचौं

- रकम नभएको खाताको चेक जारी नगरौं,
- खातामा रकम भएको सुनिश्चित गरेर मात्र चेक जारी गरौं,
- खाली चेकमा हस्ताक्षर नगरौं,
- तमसुक वा धरौटीको रुपमा चेकलाई प्रयोग नगरौं,
- गैरकानूनी लेनदेन नगरौं।

चेक जारी गर्दा होशियारी अपनाऔं, कानूनी कारबाहीबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १४, २०८० साल कातिक २१ गते मंगलबार (Nov 7, 2023)

# चर्चामा रहेको अर्ना बियर उत्पादक यती ब्रुअरीको कारोबार २.५८ अर्ब, मन्दीको असर बियर व्यापारमा



काठमाडौं- राष्ट्रिय क्रिकेट टोलीलाई आकर्षक पुरस्कार घोषणा गरेर चर्चामा रहेको अर्ना बियर उत्पादन गर्ने यती ब्रुअरी लिमिटेडको व्यापार घटेको छ । रेटिङ एजेन्सी इन्फोमेरिक्सका अनुसार सन् २०२२/२३ मा कम्पनीको व्यापार ८९ करोड ३० लाख रुपैयाँले घटेको हो ।

२०२२/२३ मा कम्पनीले २ अर्ब ५८ करोड ३० लाख रुपैयाँको कारोबार (अपरिष्कृत) गरेको छ । जबकि अघिल्लो वर्ष २०२१/२२ मा कम्पनीको कारोबार ३ अर्ब ४७ करोड ६० लाख रुपैयाँ थियो । २०२०/२१ मा कम्पनीले करिब ३ अर्ब रुपैयाँको कारोबार गरेको थियो ।

विशाल र एभरेष्ट ग्रुपको संयुक्त लगानी रहेको यती ब्रुअरीको स्ट्रङ बियर सेग्मेन्टमा राम्रो होल्ड छ । कम्पनीले अर्नासँगै यती, शिखर, वाईबी, किङफिसर र सेभेन सिन्स् ब्राण्डका बियर बिक्री गर्छ । कम्पनीले भारतको लोकप्रिय बियर किङ्फिसर २०१८ मार्चमा नेपाल भित्र्याएको थियो । भारतीय बियर किङ्फिसर नेपालमा बिक्री गर्न यति ब्रुअरीले युनाइटेड ब्रुअरिज लिमिटेड (युबिएल) बाट ट्रेडमार्क लाइसेन्स पाएको छ ।

आर्थिक मन्दीकै कारण कम्पनीको व्यापार करिब १६ प्रतिशतले घटेको इन्फोमेरिक्सको रेटिङ विवरणमा उल्लेख छ । २०२३/२१ को दुई महिनामा कम्पनीको व्यापार वार्षिक ३६ प्रतिशतले घटेको बताइएको छ । कारोबार घटेपनि २०२२/२३ मा सेल्स भने १५ प्रतिशतले बढेको देखिन्छ ।

भारतमा किङ्फिसरको बजार हिस्सा ३६ प्रतिशत रहेको र यो ब्राण्ड विभिन्न ५२ देशहरुमा पाइन्छ । यसका साथै किङ्फिसरले अक्टोबर २०२१ देखि वाइबी (यति ब्रुअरी) को ब्राण्डमा डार्क बियर नेपालमा उत्पादन गर्दै आएको छ । कम्पनीले बियर उत्पादनलाई आवश्यक कच्चा पदार्थ भारतसँगै स्वदेशी बजारबाट खरिद गर्ने गरेको छ । करिब ६० प्रतिशत कच्चा पदार्थ कम्पनीले भारतबाट आयात गर्ने गरेको छ । कम्पनीको उत्पादन क्षमता वार्षिक ३ करोड ६० लाख लिटर पुगेको छ ।

छ । उत्पादन क्षमता विस्तार गर्न यति ब्रुअरीले ७१ करोड ४० लाख रुपैयाँ लगानी गरेको छ ।

कम्पनीले बजारमा लोकप्रिय अन्तर्राष्ट्रिय बियर ब्राण्डहरु कार्लसबर्ग, टुबोर्ग, स्यानमिगल, बर्डवाइजर, हेनेकेन, कोरोनालगायतसँग प्रतिस्पर्धा गरिरहेको छ । यस्तै, यतिले स्वदेशी ब्राण्डहरु गोर्खा, नेपाल आइस, एभरेष्टलगायतकासँग प्रतिस्पर्धा गरिरहेको छ ।

मार्च २०१७ मा व्यवसायिक उत्पादन थालेको कम्पनीले उत्पादन प्लान्ट चितवनमा छ । कम्पनीमा सन्जिव सर्राफको ३२.८४ प्रतिशत, जयजीव सर्राफको ११.६६ प्रतिशत र विशाल अग्रवालको ६.९२ प्रतिशत सेयर स्वामित्व छ ।

कम्पनीले २ अर्ब ९७ करोड रुपैयाँ बैंकिङ कर्जाका लागि रेटिङ गराएको छ । १ अर्ब ५२ करोड रुपैयाँको दीर्घकालीन कर्जाका लागि आइआरएन ट्रिपल बी र १ अर्ब ४५ करोड रुपैयाँको अल्पकालीन कर्जाका लागि आइआरएन एथ्री प्लस रेटिङ पाएको छ ।

# ६० वर्षदेखि मुम्बईमा राज गरेको 'प्रिमियर पद्मिनी' ट्याक्सी चल्न बन्द, किन भयो बन्द ?

काठमाडौं। विगत ६ दशकदेखि मुम्बईमा राज गर्दै आएको कालो र पहेंलो रंगको ट्याक्सी संचालन आजदेखि बन्द भएको छ।

मुम्बईको 'प्रिमियर पद्मिनी' जसलाई विगत ६ दशकदेखि कालो र पहेलो रंगको ट्याक्सी भनिन्छ। आज अर्थात ३० अक्टोबरदेखि यी ट्याक्सीहरु मुम्बईको सडक चल्न बन्द भएको छ। पछिल्लो समय यो ट्याक्सी (एमएच-०१-जेए-२५५६) २९ अक्टोबर २००३ मा दर्ता भएको थियो। सहरमा ट्याक्सी संचालनको समयाअवधि २० वर्ष भएकाले ट्याक्सी संचालन रोकिएका हुन्।

महिन्द्रा समूहका अध्यक्ष आनन्द महिन्द्राले मुम्बईको प्रतिष्ठित प्रिमियर पद्मिनी ट्याक्सीलाई बिदाइ गरे। उनले भने, 'तिनीहरू असुविधाजनक र कोलाहलपूर्ण थिए, तर तिनीहरूले धेरै मानिसहरूका लागि धेरै सम्झनाहरू ल्याए। तिनीहरूले हामीलाई एक बिन्दुबाट अर्को बिन्दुसम्म पुऱ्याउने काम गरे। कालो र पहेलो ट्याक्सीहरू अलविदा। राम्रो समयको लागी धन्यवाद ..।'



कालो र पहेलो ट्याक्सीको यात्रा सन् १९६४ मा 'फियाट-११०० डिलाइट' बाट सुरु भएको थियो। पछि नाम परिवर्तन गरी 'प्रिमियर पद्मिनी' राखियो। यो १२०० सीसी क्षमताको इन्जिन भएको स्टेयरिङ-माउन्ट गरिएको गियर सिफ्टरको साथ शक्तिशाली कार हो। यो प्लाइमाउथ, ल्यान्डमास्टर, डज र फिएट ११०० जस्ता ठूला ट्याक्सीहरू भन्दा सानो थियो, जसलाई स्थानीयहरूले 'डुक्कर फियाट' भनेका थिए।

सन् १९७० मा यी मोडेलका ट्याक्सीहरुको नाम 'प्रिमियर प्रेसिडेन्ट' र त्यसपछि प्रसिद्ध भारतीय रानी पद्मिनीको सम्मानमा 'प्रिमियर पद्मिनी' राखिएको थियो। यसको उत्पादन सन् २००१ मा रोकिएको थिएन। उत्पादन बन्द भएपछि लामो समयसम्म करिब १००- १२५ प्रिमियर पद्मिनी ट्याक्सी विभिन्न कारणले दर्ताविहीन रहे। तर पछि सन् २००३ मा कार बिक्रेताहरूले आफ्नो कार दर्ता भए।

प्रिमियर पद्मिनी सानो आकार, भरपर्दो इन्जिन, सजिलो मर्मतसम्भारका कारण लोकप्रिय थिए। तर, उनीहरुको उत्पादन बन्द भएपछि स्पेयर पार्ट्सको अभाव मुख्य समस्या बनेको थियो। त्यसैले विस्तारै ट्याक्सीहर मारुती सुजुकी र हुन्डाईमा सिफ्ट भए। प्रिमियर पद्मिनीलाई बलिउड फिल्महरूमा 'ट्याक्सी नम्बर ९२११', 'खाली-पिली' र 'आ अब लौट चले' मा पनि चित्रित गरिएको थियो।

सन् १९५४ मा जेनेभामा डेब्यु गरेको एक वर्षपछि फिएट ११०० भारतमा आउन थाल्यो। यो कारको पहिलो ब्याच सिधै इटालीबाट आयात गरिएको थियो। त्यसपछि यो कार कुर्ला, मुम्बईको प्रिमियर कारखानामा एसेम्बल हुन थाल्यो। सन् १९७३ देखि प्रिमियर अटोमोबाइल्स लिमिटेडले ११०० लाई आफ्नै नाममा लाइसेन्स र निर्माण गरेको थियो।

विठ्ठल बालकृष्ण गान्धीको कारण ट्याक्सीको रंग कालो र पहेलो राखिएको थियो।

स्वतन्त्रता सेनानी विठ्ठल बालकृष्ण गान्धीको कारणले मुम्बईका ट्याक्सीहरू पहेलो र कालो रंगका छन्। विठ्ठल बालकृष्ण गान्धी पनि पछि सांसद बने। गान्धीले पूर्व प्रधानमन्त्री जवाहरलाल नेहरूसमक्ष ट्याक्सीको माथिल्लो भागलाई पहेलो रङको बनाउन सिफारिस गरेका थिए। टाढाबाट देख्न र कुनै पनि दाग लुकाउनको लागि यो रंगको प्रयोग गर्न भनिएको थियो।

# '१२औं फेल' बक्स अफिसमा पास




बलिउड अभिनेत्री कंगना रनावत अभिनीत फिल्म 'तेजस'सँग प्रतिस्पर्धाको मैदानमा उत्रिएको विधु विनोद चोपडा निर्देशित फिल्म '१२औं फेल' बक्स अफिसमा राम्रो अंकसहित पास भएको छ । सशक्त 'वर्ड अफ माउथ'ले फिल्मको व्यापार बढेको मात्र छैन, यस वर्षको हिट सावित भैसकेको छ । जम्मा ५ करोड भारुमा निर्माण भएको फिल्मको व्यापार दोस्रो हप्तामा थप बढेको अवस्था छ ।

फिल्मले पहिलो हप्ता १३ करोड (विकेन्डमा ६ करोड ७० लाख) कमाएको थियो । दोस्रो हप्ताको विकेन्डमै फिल्मले ८ करोड बढी छापेको छ । फिल्मले दोस्रो हप्ताको शुक्रबार १ करोड ७५ लाख, शनिबार ३ करोड ४० लाख र आइतबार ३ करोड ३० लाख गरि ८ करोड ४५ लाख कमाएको छ । फिल्मको कमाई २१ करोड २५ लाख पुगेको ट्रेड एनालिस्ट तरण आदर्शले उल्लेख गरेका छन् ।

वास्तविक घटनामा आधारित भएर बनेको फिल्मले त्यो लाखौं विद्यार्थीको संघर्षलाई दर्शाउँछ, जो यूपीएससी प्रवेश परीक्षा दिन्छन् । फिल्मको कथा मनोज (विक्रान्त मेस्सी)मा केन्द्रित छ, जो १२ कक्षाको बोर्ड परीक्षामा फेल हुन पुग्छ । असफलताका बावजूद हार नमानी उसले फेरि यूपीएससी परीक्षामा ध्यान दिन्छ । फिल्म हिन्दीसँगै तमिल, तेलुगु र कन्नड भाषामा पनि रिलिज भइसकेको छ ।

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं

कसैले पनि स्वास्थ्य उपचारको विषयलाई लिएर,
- स्वास्थ्य संस्थामा आगजनी गर्नु,
- स्वास्थ्य संस्थामा तोडफोड वा हानि नोक्सानी पुऱ्याउनु,
- स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्नु तथा चोट पुऱ्याउनु, धम्की दिनु, गाली-गलौज गर्नु वा अभद्र व्यवहार गर्नु,
- स्वास्थ्य संस्थामा तालाबन्दी गर्नु वा घेराऊ गर्नु,
- स्वास्थ्य संस्थाले प्रदान गर्ने उपचार सेवामा बाधा पुऱ्याउनु,

यस्ता कार्यहरु कानूनबमोजिम दण्डनीय भएकोले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको मर्यादा कायम गरौं, असल नागरिकको कर्तव्य निर्वाह गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस